मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily



सचिवमा पन्त निर्विरोध
पृष्ठ ८ मा

वर्ष १ | अंक ५८ | २०७९ साल पुस २२ गते शुक्रवार | Friday 6, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## दलीय नेता चयन गर्न जसपामा सकस, आज चयन गरिने

## लालबाबु, रामअशिष र सरोज दाबेदार

# अध्यक्ष निकटका चयन हुने सम्भावना



मधेशदृष्टि
जनकपुरधाम, २१ पुस।
मधेश प्रदेशमा सरकार बनाउन मुख्य दाबेदार जनता समाजवादी पार्टी (जसपा) नेपालमा संसदीय दलको नेता चयन गर्न सकस उत्पन्न भएको छ।

जसपामा मुख्यमन्त्रीका लागि दलका नेता बन्न वर्तमान मुख्यमन्त्री लालबाबु राउत, निर्वतमान उपभासमुख सरोजकुमार यादव र पार्टीका प्रदेश उपनेता रामआशिष यादव प्रमुख दाबेदार हुन्। यी तीनवटै प्रदेश सांसद पार्टी अध्यक्ष उपेन्द्र यादव नजिककै रहेका कारण दलको नेता चयन सकस भइरहेको बुझिएको छ।

वर्तमान मुख्यमन्त्री राउतले आफू कुशलतापुर्वक सरकार संचालन सफल भएको र पार्टीको वरियताको क्रममा आफू नै सैद्धान्तिक रुपमा दलको नेता हुनुपर्ने दाबी सहितको प्रस्तुति पार्टी भित्र गर्दै आएका छन् भने निर्वतमान सभामुख यादवले आफू सभामुखपछि अब के बन्ने, बौद्धिकताको आधारमा र पार्टी अध्यक्षले पार्टी फुटको क्रममा आफूसँग गरेको प्रतिबद्धता अनुसार आफू नै दलको नेता बन्नु दाबी गर्दै आएका छन्।

यस्तै उपनेता यादव पार्टी संसदीय व्यवस्था अनुसार दलको उपनेतापछि नेता नै पद आउने भएकाले सैद्धान्तिक रुपमा आफूले अवसर पाउनुपर्ने दाबी पार्टीमा प्रस्तुत गर्दै आएका छन्। तीनै जनाले आ आफ्ना दाबी प्रस्तुत गर्दा अध्यक्ष यादवले निर्णय गर्न नसक्दा निर्वाचन प्रक्रियाबाट चयन गरिने प्रक्रिया अघि बढाएका छन्।

त्यसका लागि पछिल्लो पटक जनकपुरधाममा आयोजित दुई दिने चुनावी समीक्षाको क्रममा पार्टी केन्द्रिय सदस्य लालकिशोर साहको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति समेत गठन गरिसकेका छन। सो समितिले भोली शुक्रवार निर्वाचन प्रक्रियाद्वारा दलको नेता चयन गर्नेछ।

पार्टी उच्चश्रोतका अनुसार दलको नेताका लागि निर्वाचन प्रक्रिया अपनाईए पनि सहमति अनुसार अनुसार चयन गरिनेछ। सहमति हुन नसके अध्यक्ष यादवको निर्णय अनुसार चयन गरिनेछ। गत कार्यकालमा पनि दलका ७/७ जना उम्मेदवार हुँदा निर्वाचन प्रक्रिया अपनाइएपनि अध्यक्ष यादवले नै रोजेको व्यक्ति लालबाबु राउत दलका नेतामा चयन भएको थियो।

गत कार्यकालमा राउत अध्यक्ष यादवको अतिनिकट रहेका कारण चयन भएको थियो। तर यसपटक सरकार संचालनको क्रममा अध्यक्ष यादवसँग भएको केही मतभिन्नताको कारण सम्बन्धमा तिक्ता आएको देखिन्छ। पार्टीसँग लोसपा फुटेको बेला सहयोग गरेको कारण निर्वतमान सभामुख यादवसँग अध्यक्ष यादवको नजिकता बढेको हो।

मधेश प्रदेशको राजनीतिमा अहिले जातियता हाबी भएको देखिन्छ। खासगरी यादव जातिको बाहुल्यता देखिएको छ। राजनीतिक अधिकांश पदमा यादव नै हाबी भएको देखिन्छ। दलीय नेतातर्फ कांग्रेसबाट कृष्णा यादव, एमालेबाट सरोज

- बाँकी पृष्ठ ६ मा

### को हुन् दलीय नेताका दाबेदार ?

**लालबाबु राउत** : मोहम्मद लालबाबु राउत गद्दी प्रदेश नम्बर २ का मुख्यमन्त्री हुन्। पर्सा जिल्लाको क्षेत्र नम्बर १ 'ख' बाट निर्वाचित मो. राउतको जन्म २०२३ साल असार १५ गते भएको हो। राउत पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका-४ निवासी हुन्। किसान परिवारमा जन्मिएका राउतको राजनीतिक यात्रा विद्यार्थीकाल देखी नै सुरु भएको हो।

राउत गाउँमै प्रारम्भिक पढाइ गरेका छन भने २०४० सालमा राम्रो अंक ल्याएर एसएलसी सकेका लालबाबु प्रवीणता प्रमाणपत्र तह पढ्न वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा भर्ना भए। स्नातकसम्म र स्नातकोत्तर त्रिभुवन विश्वविद्यालय काठमाडौबाट अंग्रेजीमा गरी २०५० सालदेखि आफै पढेको ठाकुरराम बहुमुखी क्याम्पसमा अध्यापन गरे, पछि वीरगञ्ज नगरपालिकामा समेत जिन्सी प्रमुख पदमा केही दिन काम गरे।

प्रारम्भमा नेविसंघ हुँदै कांग्रेसमा प्रवेश गरेका राउत २०५८ साल देखि तात्कालिन मधेशी जनअधिकार फोरम नेपालदेखि जसपासम्म उपेन्द्र यादवका सहयात्री हुन्। अध्यक्ष उपेन्द्र यादवलाई सक्रिय रुपमा सघाएका राउतले मधेस आन्दोलनमा सक्रिय सहभागिता जनाएका थिए। उनले २०७० सालदेखि फोरममा उपाध्यक्षको पद सम्हाल्दै आएका थिए।

उनी पहिलो मधेश आन्दोलन पछि मात्रै सक्रिय राजनीतिमा प्रवेश गरे। सुरूमा मधेशी जनअधिकार फोरमको केन्द्रीय सचिव भएर काम गरेका उनी पछि केन्द्रीय सदस्य तथा राष्ट्रिय उपाध्यक्ष समेत भए।

दोस्रो संविधान सभाको

- बाँकी पृष्ठ ६ मा

## शारिरीक व्ययाममा निस्केका कर्णको कठाङ्ग्रिएर मृत्यु



मधेशदृष्टि
वीरगंज, २१ पुस।
कठ्यांग्रिदो चिसोको कारण शारिरीक व्यायमका लागि साईकल यात्रामा निस्किएका बीरगंज छपकैयाका एक व्यक्तिको मृत्यु भएको छ।

बिहीवार बिहान शारिरीक व्ययामका लागि साइकलमा निस्केका बीरगंज महानगरपालिका वडा नम्बर ३ छपकैया निवासी ४७ बर्षिय जितेन्द्र लाल कर्णको मृत्यु भएको प्रहरीले जनाएको छ।

बीरगंजको आदर्शनगरबाट साइकलबाट घडिअर्वा पोखरी तर्फ गइरहेका कर्ण जाने क्रममा अचानक सडकमा बेहोस भई ढलेको र उपचारका लागि नारायणी अस्पताल लग्ने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल बिक्रम शाहले जानकारी दिएको छ।

उनले भने आफ्नै कार्यालय नजिक कर्ण सडकमा ढलेपछि आफु सवार गाडीमा हालेर कर्णलाई उपचारको लागि नारायणी अस्पताल पुऱ्याए। तर अस्पताल पुगे लगतै अचेत रहेका कर्णलाई चिकित्सकको टोलीले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो।

कर्णको चिसोको कारण हृदयघात भई मृत्यु भएको पोस्टमार्टम रिपोर्टमा देखिएको र मृतकको शव अन्तिम संस्कारका लागि आफन्तलाई बुझाईएको वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरिक्षक विशाल मल्लले बताएका छन्।

## आज आम जनता पार्टी मधेश प्रदेशको बैठक




मधेशदृष्टि
बीरगंज २१ पुस।
आम जनता पार्टीको मधेस प्रदेश विस्तारित बैठक शुक्रवार वीरगंजमा हुने भएको छ। पार्टीका केन्द्रीय अध्यक्ष एवं पुर्व मन्त्री प्रभु शाहको प्रमुख आतीथ्यतामा सम्पन्न हुने विस्तारीत वैठकले पार्टीको संगठन विस्तार आगामी रणनिती र मधेस प्रदेशमा पार्टीलाइ ससक्त रुपमा अघि बढाउने सम्वन्धमा ठोस कार्यनिती तय गर्ने पार्टीका नेता बाबुराम कौशिकले जानकारी दिएका छन।

पार्टीले देशमा वास्तविक लोकतन्त्रको प्राप्ति एवं आम जनताको शासन व्यवस्थामा पुग्ने लक्ष्य सहितको कार्यनिती अगाडी वढाउने कौशीकले बताए।

वीरगंजको ओम पार्टी प्यालेसमा शुक्रवार विहान ११ बजेदेखी बैठक सुरु हुने कौशीकले जानकारि दिएका छन।

## जनकपुरधामबाट पनि श्रमस्वीकृति




मधेशदृष्टि
जनकपुरधाम, २१ पुस। जनकपुरधाम र विराटनगरबाट वैदेशिक रोजगारीमा जानेहरुलाई व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति दिन थालिएको छ।

यसअघि यी स्थानबाट श्रम स्वीकृतिको नवीकरण मात्रै हुँदै आएको थियो। तर केही दिनदेखि सो नवीकरण कार्यपनि रोकिएको थियो। जनकपुरधाममा नवीकरण रोकिएपछि काठमाडौबाटै सेवाग्राहीहरुले गराउँदै आएका थिए। तर अब नवीकरणसँगै श्रमस्वीकृति पनि हुने भएको छ। नागरिकलाई प्रविधिमैत्री सेवा दिने भन्दै वैदेशिक रोजगार विभागले आइतबारदेखि श्रम तथा रोजगार कार्यालय विराटनगर र जनकपुरधामबाट संस्थागत श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिन थालेको श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।

श्रम स्वीकृतिका लागि भौतिक रुपमा उपस्थित हुनुपर्ने विगतको व्यवस्थालाई हटाएर अनलाइन प्रणालीमार्फत सबै किसिमका श्रम स्वीकृति लिन पाउने व्यवस्था गरेपछि सेवामा आएको सुधारकै निरन्तरता स्वरुप विराटनगर र जनकपुरबाट पनि सेवा विस्तार गरेको मन्त्रालयको पत्रमा जनाएको छ।

'संस्थागत र व्यक्तिगत श्रम स्वीकृतिका लागि समयमा नै आवेदन नगर्ने, श्रम स्वीकृतिका लागि आवेदन गर्नुअघि नै टिकट खरिद गर्ने कम्प्युटर प्रणालीबाट निर्धारण हुने मिति र समयका आधारमा स्वीकृति प्रदान गर्ने प्रणाली विपरीत अन्तिम समयमा मात्र पेश गर्ने प्रवृत्ति देखिनु प्रणाली सुधारको दृष्टिकोणले उपयुक्त नभएकोले संमयमै आवेदन गर्न समेत सरोकारवाला सबैमा अनुरोध गरिन्छ' मन्त्रालयका पत्रमा भनिएको छ।

शक्तिमान रोटाभेटर
पाँच पटकको जोताई एक पटकमा

SHAKTIMAN®
MAKING AGRICULTURE MORE ECONOMICAL
अधिकृत विक्रेता:
त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, मो.नं. ९८११३०४३९९

# व्यवस्थापन पक्षद्वारा बन्द गरिएका चिनी मिलको जग्गा बिक्री गर्ने षडयन्त्र




विकास अग्रवाल
रौतहट, २१ पुस ।
सञ्चालनकै अवस्थामा रहेको श्रीराम सुगर मिल्सलाई बन्द गरी व्यवस्थापन पक्षले जग्गा विक्रीवितरण गर्न खोजेपछी स्थानीय बासिन्दाहरुले विरोध जनाएका छन् ।

कौडीको मुल्यमा खरिद गरेको जग्गा अहिले अर्बौको सम्पती भएपछि व्यवस्थापन पक्षले भूमाफियाको सहयोगमा बिक्री गर्न षडयन्त्र गर्न थालेपछि स्थानीय बासिन्दा तथा मजदुरहरु विरोध जनाउन थालेका हुन ।

रौतहटको मध्य भाग गरुडामा रहेको श्रीराम सुगर मिल्सलाई व्यवस्थापन पक्षले एक्कासी बन्द गरी अर्बौ मुल्य बराबरको जग्गा बिक्री वितरण गर्न खोजेपछी मिल्स कर्मचारी तथा स्थानीय बासिन्दाहरुले विरोध व्यक्त गर्दै जग्गा बिक्री वितरण हुन नदिन सक्रिय भूमिका खेल्न थालेका छन् ।

वि.स. २०५० सालमा गोल्छा ग्रुपका सञ्चालक दिवाकर गोल्छाले स्थापना गरेको सुगर मिल तीन वर्ष अघि व्यवस्थापन पक्षले एक्कासी सूचना जारी गर्दै बन्द गरेको थियो ।

प्रत्येक वर्ष सिजनमा नाफा गर्दै आएपनि सुगर मिल एक्कासी बन्द भएपछी रौतहटका उँखु किसान तथा मजदुरहरु समस्यामा परेको छ ।

प्रति दिन ३ हजार बोरा चिनि उत्पादन गर्ने क्षमता भएको श्रीराम सुगर मिललाई व्यवस्थापन पक्षले घाटामा गएको कारण देखाउँदै मिल पूर्ण रुपमा बन्द गरी कार्यरत कर्मचारीहरुलाई समेत जागिरबाट निकालेको संघर्ष समितिका अगुवा नेता बृजकिशोर यादवले बताए ।

मिल स्थापनाका बेला स्थानीय बासिन्दाहरुसँग सात हजारका दरले प्रति कठ्ठा जग्गा खरिद गरेर सञ्चालनमा आएको मिल अहिले जग्गाको आकाशिएको मोल देखेर व्यवस्थापन पक्षले मिल बन्द गरी जग्गा बेच्न लागेको आरोप यादवको रहेको छ । सय वर्ष सम्म मिल सञ्चालनमा हुन्छ भन्दै तत्कालिन व्यवस्थापन पक्ष गोल्छा ग्रुपले हामीसँग कौडीको मुल्यमा जग्गा लियो तर, मिल २५ वर्षसम्म सञ्चालन नहुँदै बन्द गरेर जग्गा बेच्न विभिन्न षडयन्त्रहरु गर्दै आएको यादवको भनाई रहेको छ ।

गोल्छा ग्रुपका मालिक दिवाकर गोल्छा जिउँदो रहेसम्म राम्ररी मिल सञ्चालनमा रहेको थियो उनको मृत्यु पश्चात छोराहरुले विशाल ग्रुपसँग समन्वय तथा पार्टनरशिप जोडेर जग्गा बेच्न लागेको आरोप रौतहटेली किसानहरुको गुनासो रहेको छ । मिलको नाममा अहिले ७८ बिध्धा नामसारी जग्गा तथा मिलले हकभोग गर्दै आएको दश बिध्धा एलानी जग्गामा मिल सञ्चालनमा रहेको छ ।

गौर चन्द्रनिगाहपुर सहायक राजमार्गसँगै जोडिएको मिलको अगाडीको करिब ३० बिघघा जग्गा अहिले अर्बो रुपैया बराबरको रहेको छ । प्रति बिघा जग्गाको बजार मुल्य ३ करोड रुपैया रहेको छ ।

मिल सञ्चालन गर्न खासै रकमको आवश्यकता नभएको र मिल परिसर भित्र बेबारिसे रहेको फलामका कवाडहरु बेचेर मिल सञ्चालनमा आधा खर्च उठ्ने स्थानिय मजदुरहरुको रहेको छ । किसानहरुले एक वर्षसम उखु उधारोमै दिन्छन उनले भने मिल सञ्चालन गर्न कुनै कठिनाई नभएपनी व्यवस्थापन पक्षले चासो लिएका छैनन् ।

मल सञ्चालन हुँदा तीन सयको हाराहारीमा स्थानीय बासिन्दाहरुले प्रत्यक्ष रुपमा रोजगारी पाएका थिए भने उखु क्रसिग को सिजनमा एक हजार भन्दा बढीले रोजगारी पाएका थिए । मिल सञ्चालनमा रहदा सो क्षेत्रका कुनै पनी व्यक्ति रोजगारीका लागि विदेशिने क्रममा थिएन भने अहिले अधिकांश व्यक्तिहरु रोजगारीकै लागि नेपाल, भारत तथा विदेशको विभिन्न शहरमा काम गर्न गएका छन् ।

# कृषि सडक विस्तार हुँदै



आरके श्रीवास्तव
गरुडा, २१ पुस ।
रौतहट जिल्लाको फतुवा बिजयपुर नगरपालिकाको सितलपुरमा कृषि सडक विस्तार भएको छ ।

सो नगरपालिकाको वडा नम्बर २ मा किसानहरुलाइ सहज हुने उदेश्यले वडा अध्यक्ष अनिरुद्ध प्रसाद यादव उर्फ संजयले तत्काल आफनै लगानीमा भएपनि धमाधम चौरी तर्फ सडक विस्तार गराइरहेका छन । केही दिन अघि मात्रै दक्षिणवारी चौरतीर कृषि सडक विस्तर गरेका उनले पूर्ववारी चौरतीर नयाँ कृषि सडक विस्तार गराइ रहेका छन् । धान,गहुँ,मकै लगायत अन्य बालि किसानहरुलाइ ढुवानी गर्न सहजताको लागि वर्षौदेखि सडक अभाव झेली रहेका किसानहरुलाइ सहयोग पुग्ने उदेश्यले उक्त सडक निर्माण गराउन लागेका हुन् ।

वडा अध्यक्ष यादवले ग्रामीण कृषि सडक निर्माणलाई प्राथमिकता दिएका छन् । उनले यस अघि करिब डेढ किलोमिटर ग्रामीण कृषि सडकको निर्माण गराएका छन भने अहिले २ पनि डेढ किलोमिटर जती कृषि सडक निर्माण गराइ राखेका हुन । उक्त नयाँ सडक निकालिए पछि स्थानिय किसानहरु हर्षित भएका छन् ।

# अगेना ताप्ने क्रममा एक महिला घाइते

मधेशदृष्टि, बारा, २१ पुस । चिसो छल्न बालिएको आगो ताप्ने क्रममा बारामा जलेर एकजना महिला गम्भीर रुपले घाइते भएकी छन् । बाराको जितपुरसिमरा उपमहानगरपालीका वडा नम्बर १८ उचिडिमा आगो ताप्ने क्रममा जलेर ६० वर्षीया मैनादेवी यादव घाइते भएकी हुन् । सुवर्ण गाँउपालिका वडा नम्बर ३ घर भई उचिडिमा बस्दै आएकी महिला आफ्नै घरको बरण्डामा बालेको आगो ताप्ने क्रममा जलेकी हुन् । लुगामा सल्किएको आगो फैलिएर उनको शरिरको विभिन्न भाग जलेको थियो । कलैया प्रादेशिक अस्पताल र चितवन मेडिकल कलेज हुँदै घाईते महिलालाई किर्तिपुर अस्पताल लगिएको र अहिले उनको गम्भिर अवस्थामा उपचार भई रहेका जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिएका छन् ।

# समन्वय आभावले विपत् व्यवस्थापन गर्न सकिएन




मधेशदृष्टि
जनकपुरधाम, २१ पुस । स्थानीय सँगको समन्वय आभावले विपत् व्यवस्थापन अन्तर्गत बढदो चिसो र शितलहरमा प्रभावित व्यक्तिलाई न्यानोको व्यवस्था गर्न नसकिएको प्रदेश गृह तथा सञ्चार मन्त्रालयका सचिव रामकुमार महतोले बताएका छन् ।

बिहीवार जनकपुरधाममा अन्तराष्ट्रिय आप्रवास संगठन (आईओएम यूएन माइग्रेसन) द्वारा संचालित परिवर्तन कार्यक्रम अन्तर्गत परियोजना समापन तथा सिकाई आदान प्रदान कार्यक्रममा प्रमुख अतिथिको आसन्नबाट बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले भने अहिले जारी शितलहर र चिसोबाट प्रभावितहरुलाई अगेनाको व्यवस्था र कम्बल, स्वेटर लगायतका न्यानो लुगाको व्यवस्था गर्न स्थानीय तहसँगको समन्वय आभावले गर्दा ढिला भएपनि भोली शुक्रवार बैठक बसेर केही निर्णय गरिने बताए ।

विपत व्यवस्थापनका लागि संघीय, प्रदेश र स्थानीय तह तिनवटै सरकारको समन्वय आवश्यक रहेका बताउँदै समन्वय भए विपतको पुर्व तयार तथा पुर्नथानले राम्रो प्रतिफल दिन सक्ने भने । विपत व्यवस्थापन सम्बन्धी वर्षभरिमा गरिएका क्रियाकलापको असार मसान्त सकिएको २० दिनभित्र स्थानीय तहले जिल्लालाई ४० दिन भित्र जिल्लाले प्रदेशलाई र ६० दिनभित्र प्रदेशले संघलाई प्रतिवेदन बुझाउने कानूनी व्यवस्था रहेको छ तर हालसम्म कार्यान्वयन हुन नसकेको भनी गुनासो गरे ।

सो कार्यक्रममा बोल्ने वक्ताहरुले अन्तराष्ट्रिय आप्रवास संगठनद्वारा संचालित परिवर्तन कार्यक्रम निकै प्रभावकारी रहेको बताएका थिए । सो संगठनले परिवर्तन कार्यक्रम अन्तर्गत मधेश प्रदेशका १३४ वटै स्थानीय तहमा विपत व्यवस्थापन सम्बन्धी निती निर्माण र बजेट निर्माण लगायतका तालिम दिएका थिए ।

सो कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका दिक्षा थापा, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कुमार कर्ण, नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष नरेश सिंह र तालिमका प्रशिक्षकहरुले आ आफ्ना मनतव्य राखेका थिए । कार्यक्रममा संगठनले गरेका कार्यहरुको दृश्य सहित प्रस्तुति गरिएको थियो ।

नेपालमा १५ अगस्त २०१९ देखि ३१ जनवरी २०२३ सम्म ३ वर्ष ५ महिना संचालन भएको सो कार्यक्रम मधेश प्रदेशमा १३ अप्रिलदेखि दिसम्बरसम्म ९ महिना संचालन भएको थियो ।

# रौतहटमा ९ जना फरार प्रतिवादी पक्राउ



आरके श्रीवास्तव
गरुडा,पुस २१ गते
रौतहटमा ९ जना फरार प्रतिवादी पक्राउ परेका छन् । जिल्ला अदालतको फैसला कार्यान्वयन गर्ने अभियान अन्तर्गत अदालतबाट कैद तथा जरिवाना सजाय भई हाल सम्म फरार रहेका प्रतिवादीहरुलाई जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहत ईलाका प्रहरी कार्यालय, राजपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी सम्मानित अदालतमा पेश गरिएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायव उपरिक्षक सुनिल मल्लले जानकारी गराएका हुन ।

पक्राउ पर्नेमा रौतहट राजपुर न.पा.वडा नं. १ पिप्रा भगवानपुर वस्ने वर्ष ४२ को लाल बाबु राय यादव, रामजी साह सोना,राम बाबु राय यादव, असर्फी ठाकुर लोहार,लागु औषध मुद्दामा ८ दिन कैद भएका फरार प्रतिवादी धनई साह तेली , फरार प्रतिवादी शेख वसी अखत्तर , फरार प्रतिवादी सफादत हजाम, शेख सहिद ,सवारी ज्यान मुद्दामा १ महिना कैद भएका उदय प्रकाश महतो रहेको डिएसपी मल्लले जानकारी गराएका हुन् ।

बिधुत चुहावट गर्ने मोटर पक्राउ
नेपाल बिधुत प्राधिकरण मौलापुर वितरण केन्द्र बाट खटी गएको प्रहरी सहितको टोलीले बिधुत चुहावट गर्ने मोटर पक्राउ गरेको छ । बिधुत चुहावट गरिहेको सो सामान जफत गरेको हो ।

बिधुत चुहावट बढेको भन्दै सुचना आउन थाले पछि प्राधिकरण मौलापुर प्रमुख अरुण कुमार साहले त्यस्तालाइ कार्यवाही गर्ने बताउँदै चुहावट नियन्त्रण टोलीलाइ खटाएका हुन् । प्रहरी र विधुत प्राधिकरणको संयुक्त टोलीले पक्राउ गरेको हो ।

सो टोली मौलापुर वितरण केन्द्र अन्तर्गतको फतुवा बिजयपुर नपाको विभिन्न गाउँमा पुगेको थियो । चुहावट नियन्त्रण टोलीले सो स्थानहरु बाट हुकिङ गरी सिँचाइ गरिरहेको अवस्थामा ८ थान मोटर नियन्त्रणमा लिएको नेपाल बिधुत प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख साहले जानकारी गराएका हुन् । मोटर जफत गरी आवश्यक कारवाहीको प्रकृया अगाडि बढाइएको उनले बताएका हुन् । बिधुत चुहावट नगर्न नेपाल बिधुत प्राधिकरण मौलापुर वितरण केन्द्रले सबैमा अनुरोध गरेको छ ।

दुइ दिन अघि पनि मौलापुर वितरण केन्द्रबाट खटिएका कार्यालयको टोलि तथा प्रहरी प्रशासनको सहयोगमा डाईरेक्ट हुकिङ गरी सिँचाइ गरिरहेको अवस्थामा विभिन्न ठाउँबाट १२ थान मोटर जफत गरी आवश्यक कारवाहीको प्रकृया अगाडि बढाइएको थियो ।

# लोसपाले आज दलको नेता चयन गर्ने



मधेशदृष्टि
जनकपुरधाम, २१ पुस । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मधेस प्रदेशले संसदीय दलको नेता चयनका लागि बैठक बोलाएको छ ।

शुक्रबार बिहान साढे ११ बजे जनकपुरधामस्थित होटेल सिटी स्टारमा बस्ने संसदीय दलको बैठकबाट नेता चयन गर्ने तयारी भइरहेको छ ।

बैठकबाट सकेसम्म सर्वसम्मत नेता चयन गर्ने, सहमति नभएमा मात्रै निर्वाचन प्रक्रियामा जाने लोसपाको तयारी छ । लोसपाका कार्यकारिणी सदस्य एवं प्रदेश सभा सदस्य जितेन्द्र सोनल दलको नेताका लागि सम्भावित व्यक्ति हुन् ।

यसअघि पनि उनी नै संसदीय दलका नेता रहेकाले फेरि उनको नाममा सहमति हुने सम्भावना छ । अहिलेसम्म नेता सोनलबाहेक अरु कसैले पनि संसदीय दलको नेता हुने दाबी नगरेकाले पनि सोनलको सम्भावना देखिएको छ । लोसपाको प्रदेशसभामा ९ जना सांसद छन् ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# प्रअ सरूवाको विरोधमा प्रदर्शन



आरके श्रीवास्तव
गरुडा, २१ पुस ।

रौतहटको मध्य भागमा रहेको गरुडामा बिधार्थीहरूले प्रधानाध्यापक सरूवाको विषयलाई लिएर विरोध प्रदर्शन गरेका छन् ।

श्री नमूना माध्यमिक बिधालय गरूडाका प्रधानाध्यापक प्रभु राउत र श्री मावि श्रीपुरका प्रधानाध्यापक रामअधार पासवानको सरूवा गर्न पाँइदैन् लगायतका नारा लगाउँदै नगरपालिकाको कार्यालय अगाडि पुगेर बिधार्थीहरूले नारावाजी गरेका थिए । दुवै बिधालयका बिधार्थीहरुले अलग अलग प्रदर्शन गरेका थिए । स्मरणीय होस् केही दिन अघि गरूडा नगरपालिकाको शिक्षा शाखाले कार्यपालिकाको निर्णय अनुसार ३ जना प्रअ र २ जना सहायक प्रअको सरुवा गरेको छ । शिक्षा शाखाले कार्यपालिकाको निर्णयलाइ कार्यान्वयन गरेको बताउँदै आएको छ । तिन वटा बिधालयहरु श्री मावि गरुडा,श्री मावि श्रीपुर र श्री मावि जिंगडियाका प्रधानाध्यापक लाइ सरुवा गरिएको शिक्षा संयोजक सुबोध चौधरीले जानकारी गराएका थिए ।

प्रअ राउतले आफनो सरूवा सरूवा बदर गर्न नि.प्रमुख प्रशासकीय अधिकृत रामबाबु राय यादवलाई पत्र बुझाएका थिए भने बुधबार अभिभावकहरूले नगरप्रमुख कन्थमनी जयसवाललाई यस विषयमा ध्यानाकर्षण गराएका थिए ।

यता गरुडा नागरपालिकाले शिक्षक सरुवा बिरुद्ध सरुवा बदर गर्न श्री मावि श्रीपुरका बिधार्थीहरुले प्रमुख प्रशासकिय अधिकृत रामबाबु राय यादव लाई ज्ञापन पत्र बुझाएका छन् । यस विषयमा गरुडा नगर भित्रका बिभिन दलका नेता , समाजिक अभियन्ता, अभिभावक बिच छलफल भइ विधार्थीहरु द्वारा समेत गरिएको आन्दोलनको मर्म लाई बुझ्दै बिधालयको पक्षमा निर्णयलिने विषयमा ब्यापक छलफल भएको छलफलमा सहभागी एक नेताले जानकारी गराएका छन् ।


# सीमा क्षेत्रमा खुलेयाम रक्सी पसल, स्थानीय प्रसाशन मौन

विकास अग्रवाल
रौतहट, २१ पुस ।

रौतहटको सीमावर्ती क्षेत्रमा खुलेयाम रुपमा मदिरा पसल सञ्चालनमा रहेपनि स्थानीय नियन्त्रण तर्फ प्रहरी प्रशासन मौन रहेका छन ।

भारतको बिहार राज्यमा मदिरा बिक्री वितरणमा प्रतिबन्ध लागेपछि जिल्लाको विभिन्न सीमावर्ती इलाकामा अवैध रुपले मदिरा पसलहरु सञ्चालनमा रहेको हो ।

खुल्ला सिमाना भएको कारण आपराधिक घटना हुन सकिने उच्च जोखिम हुदा हुदै पनि दश गाजा क्षेत्र नजिक र गौर भन्सार कार्यालयको मुख्य गेट नजिकै खुल्ला रुपमा रक्सी पसलहरु सञ्चालन गरेर विक्री बितरण गरी रहदा पनि प्रहरी कुनै चासो नदेखाई मुकदर्शकको रुपमा प्रस्तुत भई रहेको देखिएको छ । भन्सार कार्यालयको मुख्य गेट पूर्व तर्फ दर्जनौ मदिरा पसल सञ्चालन रहेको छ ।



भारतको बिहार राज्यमा मदिरा विक्री वितरण उत्पादनमा रोक लगाएपछि रौतहटको सीमावर्ती क्षेत्र ब्रह्मपुरी, लक्ष्मीपुर बेलबीछबा, गौर, महादेवपट्टी, औरैया, बंजरहा, लतमरी ,मठिया लगायतको दर्जनौं सीमावर्ती क्षेत्रको दशगजामा मदिरा पसल सञ्चालन गरी घरेलु तथा स्वदेशी मदिराहरु विक्री वितरण गरिरहेको पाइएको छ । नेपाल भारतको दशगजा क्षेत्रको ५ सय मीटरको दुरिमा मदिरा पसल खोल्न तथा विक्री वितरण गर्न नपाउने भनी निर्देशन हुदा हुदै सो कार्यलाइ स्थानीय प्रहरी प्रशासन र स्थानीय सरकारले कुनै बस्ता नगरेको स्थानीय बासिन्दाहरु बताउँछन् ।

भारतको विहार राज्यमा रक्सीमा प्रतिबन्ध लागेकोले भारतीय नागरिकहरु मदिरा सेवन गर्न नेपालमा आउने गरेका छन । खुल्ला सीमाको कारण भारतीय नागरिकहरु नेपाल प्रवेश गरेर मदिरा सेवन गरी दैनिक रुपले हो हल्ला तथा झै झगड़ा हुने गरेको देख्न सकिन्छ ।

# चन्द्रपुर अस्पतालमा औषधी अभाव




मुकेस कुमार साह
रौतहट , २१ पुस ।

चन्द्रपुर नगरपालिकामा स्वास्थ्य संस्थाले निशुल्क दिने औषधी अभाव भएको छ ।

ओषधी पाँउन छाडेपछि सर्वसाधारण मेडिकलबाट महंगो शुल्कमा औषधी किनेर खान बाध्य भएका छन् ।

चन्द्रपुर नगरपालिकाले नगरभरीका स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारले निशुल्क उपलब्ध गराएका औषधिहरु समेत उपलब्ध गराउन सकेको छैन । चन्द्रपुर नगरपालिकाको वडा नं ९ मा रहेको डुमरिया स्वास्थ्य चौकीका प्रमुख जयलाल पंडितले नगरपालिकाको स्वास्थ्य शाखाले सर्बसाधारणले पाँउने निशुल्क औषधी नपठाएकाले समस्या भएको बताए ।

डुमरिया स्वास्थ्य चौकीमा औषधीको नाममा सिटामोल मात्र रहेको प्रमुख पंडितको भनाइ रहेको छ । नगरपालिकाको स्वास्थ्य शाखाले औषधी चाडै आउँछ भनेपनि ३ महिना बितेको प्रमुख पंडितले गुनासो गरे ।

नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थाबाट ९१ प्रकारका औषधी निशुल्क पाँउने बताएपनि रौतहटका स्वास्थ्य संस्थामा समान्य ज्वरो र रुघाखोकीको औषधी समेत सर्बसाधारणले पाँउन छाडेको सेवाग्रहीहरुको गुनासो छ । चन्द्रपुर नगरपालिकाको वाड नं १० मा रहेको स्वास्थ्य चौकीमा औषधी नभएको सो स्वास्थ्य चौकीका अहेव गोपाल प्रसाद रामले बताए ।

चन्द्रपुर नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख राजेश कुमार ठाकुरले औषधी खरिदको प्रकृयामा रहेको र एक हप्तामा नगरका सवै स्वास्थ्य संस्थामा औषधी पुग्ने जानकारी दिए ।

सामान्य रुघाखोकी, ज्वरो तथा घाउचोट लागेका विरामीलाई समेत उपचार गर्ने औषधि स्वास्थ्य संस्थामा नभएको अहेव गोपाल प्रसाद रामले जानकारी दिए ।

# पर्सामा चिसोले जनजीवन प्रभावित



पर्सा, २१ पुस

दुई सातादेखिको शीतलहर का कारण बढ्दै गएको चिसो ले पर्साको जनजीवन नराम्ररी प्रभावित भएको छ । दिनभरि घाम नलाग्ने र सँगै चल्ने चिसो हवाका कारण सर्वसाधारणको दै निकी प्रभावित बनेको छ ।

दैनिक ज्यालादारी गरी परिवार पाल्नेलाई कठिनाइ भएको छ । बिहानको समयमा हुस्सुका कारण बाटोको पहिचान गर्नसमेत समस्या भएको छ । यातायातका साधन चलाउन कठिनाइ हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढेको छ ।

चिसो बढेसँगै अस्पतालमा उपचार गराउन आउने बिरामीको सट्या दोब्बरले वृद्धि भएको छ । रुघाखोकी, ज्वरो, दम, र क्तचापलगायतका बिरामी ह्वात्तै बढेका नारायाणी अस्पतालका सूचना अधिकारी डा उदयनार ायण सिंहले जानकारी दिनुभयो । ँअस्पताल आउनेमा वृद्धवृद्धा तथा बालबालिका बढी छन्, उहाँले भन्नुभयो । उहाँले चिसो बाट जोगिन तातोपानी तथा झो ल पदार्थ सेवन गर्न र घर बाहिर ननिस्कन सुझाव दिनुभयो ।

चिसोबाट जोगाउन वीरगञ्ज महानगरपालिकाले नगरका विभिन्न सार्वजनिक स्थानमा दाउराको व्यवस्था गरेको छ ।

# मनोकामनाको साधारण सभा सम्पन्न




घनश्याम बलम्पाकी
सर्लाही, २१ पुस ।

सर्लाहीको हरिऔन नगरपालिका-११, हरिऔन बजारमा रहेको मनोकामना बहुउद्धेश्यीय सहकारी संस्थाको विहिवार १७ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष शम्भुलाल श्रेष्ठको अध्यक्षता तथा हरिऔन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न गरिएको हो । सभामा लालबन्दी नगरपालिकाका नगर प्रमुख बासुदेव अधिकारी हरिऔन नगरपालिकाकी उपप्रमुख हरिमाया घलानलगायतको आतिथ्यता रहेको थियो । संस्थाका प्रवन्धक सन्तोष पाण्डले हरहिसाब प्रस्तुत गरेका थिए । गएको असार मसान्तसम्म ५९ करोड ४० लाख ९ हजार ६४ रुपैयाँ कूल कारोवार गरेको संस्थाले गत आर्थिक वर्ष २०७८/०७९ मा २ करोड १४ लाख १० हजार ६३९ रुपैयाँ खुद मुनाफा आर्जन गरेको साधारण सभामा जानकारी गराइएको छ । १७ बर्ष अघि दर्ता भएको संस्थामा अहिले २ हजार ५८० जना शेयर सदस्य रहेका छन् । जसमा पुरुष १ हजार २६४ महिला १ हजार २९० र संस्थागत सदस्य २६ जना छन् ।

# एक वर्षमा १६६ वटा मुद्दा दर्ता

आरके श्रीवास्तव
गरुडा, २१ पुस ।

रौतहटको इलाका प्रहरी कार्यालय फतुवा बिजयपुर लक्ष्मीयामा गएको तीन वर्षको अवधिमा १ सय ६६ वटा मुद्दा दर्ता भएको छ ।

बितेको तीन वर्ष दर्ता भएका ति मुद्दाहरु आवश्यक कार्यवाहीका लागि जिल्ला अदालत गौर पठाइएकोमा १ सय ३० वटा मुद्दा फर्छौट भइसकेको र ३६ वटा मुद्दा अझै फर्छौट हुन बाँकी रहेको इलाका प्रहरी कार्यालय फतुवा बिजयपुर लक्ष्मीयाका प्रहरी निरिक्षक सुरेन्द्र धमलाले जानकारी गएका छन् ।

आर्थिक वर्ष २०७६/०७७ मा ४८ वटा मुद्दा दर्ता भएकोमा आर्थिक वर्ष २०७७/०७८ मा ५६ र आ.व २०७८/०७९ मा ६२ वटा मुद्दा दर्ता भएको इन्सपेक्टर धमलाले जनाएका हुन् ।

ज्यान मार्ने उद्योग सम्बन्धी १४ वटा, कर्तव्य ज्यान सम्बन्धी ४,झुण्डी आत्म हत्या २५ वटा,चोरी सम्बन्धी १४ वटा,जबर जस्ती करणी १९ वटा,अभद्र व्यवहार २८ वटा ,बिष सेवन ६ वटा लगाएत विभिन्न कसुर अन्तर्गत मुद्दा दर्ता गरिएको उनले बताए ।

गाउँ समाजमा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न आफुले कुनै कसर बाँकी नराखेको इन्सपेक्टर धमलाले बताए ।

नागरिकको जिउ धनको सुरक्षाका लागि आफुहरु अहोरात्र खटिरहेकोले सुरक्षाका कारण कसैलाई डराउनु नपर्ने समेत उनले बताए ।

उनले भने, “शान्ति सुरक्षाको पछिल्लो अवस्था अत्यन्तै ठिक छ । नागरिकहरुले जुन ढंगले शन्ति सुरक्षा महशुस गरिरहेका छन् त्यो एक दम विश्वशनीय छ ।”

# स्थानिय उत्पादनलाई बजारीकरण गर्न हटिया बजार

डम्बर राई
कञ्चनरुप, २१ पुस ।

सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका २ स्थित चाँदनी चौकमा स्थानियहरुको पहलमा हटिया बजारको व्यवस्था मिलाइएका छन् ।

स्थानिय क्षेत्रमा उत्पादन गरेका कृषिजन्य वस्तुको खपत सहजरुपमा नभएपछि यहि बजारीकरणका लागि हटिया तथा गुद्रीबजार नियमितरुपमा लगाउन स्थानियहरुले बजार व्यवस्थापन सहितको नियमपूर्वक कार्यलाई बिहिवारबाट सुरुवातमा ल्याएका हुन् ।

तरकारी खेती, पशुपंक्षी पालन तथा माछा उत्पादनका लागि सुयोग्य मानिएका यस क्षेत्रमा उत्पादित वस्तुको निर्यात सोचेजस्तो नभएको र आफुले उचित दाम लिन नसकिएकोले स्थानिय क्षेत्रमै हाट तथा गुद्रीबजारको व्यवस्थापनमा जुटेको बजार व्यवस्थापन समितिका अध्यक्ष दीपेन्द्र कुमार चौधरीले बताए । प्रत्येक हप्ता सोमवार र विहिवार हटिया लाग्ने र अन्य दिनहरुमा पनि गुद्रीबजार लाग्ने छ । यहाँ उत्पादित तरकारी, माछा मासु, लगायत वस्तुको स्थानिय हाट बजारमा बिक्री वितरणसंगै अन्य हाट बजारमा बजारीकरण गर्ने कृषि बजार केन्द्रको स्थापना गर्ने उद्वेश्य सहित आफुहरु जुटेको चौधरीको भनाई छ ।

सुपथ मोल र गुणस्तर सामानलाई प्राथमिकतामा राखेर हाट बजारमा बढी भन्दा बढी ग्राहकलाई उतार्न आफुहरुको भुमिका रहने औंल्याउदै उनले भने स्थानिय किसानहरुले उत्पादन गरेका वस्तु समयमा बिक्री गराउने र उचित मुल्य लिने हो । हाट बजारमा कृषिजन्य उत्पादित वस्तुको बिक्री वितरण बाहेक अन्य उपभोग्य वस्तुको पनि आयात निर्यात गरी स्थानिय उपभोक्ताहरुलाई सुविधा पुर्याउने जनाइएको छ ।

सोमवारका दिन लोकल बंगुरको मासु, कुखुराको मासु, माछा र विहिवारका दिन राँगाको मासु र स्थानिय क्षेत्रको उत्पादनलाई बिक्री वितरण गरिने हटिया तथा गुद्रीको तालिका समितिका सदस्य सूर्यमान तामाङ्गले सुनाए । जिल्ला सदरमुकाम राजविराजबाट १८ किलोमिटर उत्तर पूर्व पूर्वपश्चिम लोकमार्गमै पर्ने चाँदनी चौकमा यातायातको सुविधायोग्य स्थान भएकोले टाढा टाढाबाट व्यापारीहरु आउने र राम्रो किनमेल हुनेछ ।



## सम्पादकीय

# महत्व दिऔं सार्वजनिक सुनुवाईलाई

सिरहाको कर्जन्हा नगरपालिमा हालै आयोजना गरिएको सार्वजनिक सुनवाई कार्यक्रममा शिक्षा, स्वास्थ क्षेत्रका समस्यामाका बारेमा छलफल भएको छ । सिरहामा कार्यरत गैरसरकारी संस्था मुक्ति नेपालको सक्रियतामा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा नगरका मेयर भोला प्रसाद पोखरेलले शिक्षा, स्वास्थ जस्ता सामाजिक क्षेत्रमा आफु प्रतिवद्ध भएर सक्रिय रहने जनाएका छन् ।  कार्यक्रममा पोखरेलले विद्यालय शिक्षा सुधारको लागि बेग्लै समिति बनाएर काम गरिरहेको बताएका छन् । नगरको वडा नम्वर ११ को आयोजनामा 'वडाका सेवा सुविधा चुस्त, दुरुस्त, जनमुखि तथा प्रभावककारी सेवा प्रवाहका लागि सार्वजनिक सुनवाई' कार्यक्रम आयोजना गरिएको हो । सार्वजनिक सुनवाई कार्यक्रममा उपस्थित सहभागीहरुले सामुदायिक विद्यालयहरुको  शैक्षिक अवस्था कमजोर रहेको गुनासो गरेपछि नगर प्रमुख पोखरेलले सार्वजनिक शिक्षामा सुधारको लागि समिति बनाएर काम अगाडि बढाएको बताएका हुन् ।उनले भनेका छन् 'म आफैले पनि शिक्षाको दुरावस्था देखेको छु, कसरी सुधार गर्न सकिन्छ भन्ने लागेर जनप्रतिनिधी र प्रअहरु सम्मिलित समिति गठन भएको छ। समितिले दिएको सुझावको आधारमा शैक्षिक योजना बन्छ।' सार्वजनिक सुनवाई कार्यक्रममा उनले भनेका छन्'हामीसँग भएका सवै जनशक्ति सहि ढङ्गले परिचालन होस्, स्वास्थ्यमा औषधी छैन, अपुरो छ, सकिएको छ, भन्ने सुन्न नपरोस्।' सार्वजनिक सुनवाई कार्यक्रको सही अर्थमा उपयोग हुनसक्यो भने स्थानीय तहका जिम्मेवारहरुमाथिग स्थानीय  जनताको निगरानी बढ्ने हुन्छ ।

सामुदायिक स्कुलहरु तथा स्वास्थ केन्द्रहरु नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने भएकोले ती सस्था कसरी चलिरहेका छन्, त्यसको प्रमुख दायित्य  नगर प्रमुखहरुको हुन्छ । सामुदायिक विद्यालयहरु बेथितिले ब्याप्त भएका समाचार आइरहेको बेला नगरपालिका प्रमुखले समस्या आत्मसात गर्दे समाधानमा लाग्ने प्रतिवद्धता आएको छ । यसलाई सकारात्मक रुपमा लिनुपर्ने हुन्छ र अन्य नगरपालिकाहरुले पनि सार्वजनिक कार्यक्रम संचालन गर्नुपर्दछ  । तर, प्रयास इमान्दार हुनुपर्दछ । कुनै राजनीतिक आग्रह पूर्वाग्रहबाट मुक्त हुनुपर्द छ ।र, सार्वजनिक खपतका निम्ति भाषण गर्ने तर व्यवहारमा भने केही नगर्ने अवस्था हुनुहुँदैन ।

नगरपालिकाहरुले शिक्षा र स्वास्थ क्षेत्रमा देखिएका विकृतीहरु नियन्त्रणमा ध्यान दिने हो भने मात्र पनि  स्थानीय तहमा त्यसले गहकिलो छाप छोड्दछ । स्थानीय तहमा काम गर्छु भन्नेहरुका लागि अवसर हो र अहिले त कमाउने बेला भनेर हो भन्ने हो भने त्यो पनि अवसर नै हो । तर, कुन बाटो लिने ? जिम्मेवारहरु आफैले ठम्याउनु पर्नेहुन्छ । शिक्षा, स्वास्थमा जिम्मेवार निगरानी र उपभोत्ताका नाममा गरिने 'विकास' का काममा नियन्त्रण  गर्नमात्र सकियो भने नगरपालिकाका धेरै विकृती नियन्त्रणमा आउँछन् ।

सुनवाई कार्यक्रममा नगरको ११ नम्बार वडामा रहेका स्कुलहरु तथा स्वास्थ केन्द्रहरुले आआफ्ना प्रतिवेदन पेश गरेका थिए । सरकारी कार्यालयहरुले आम जनसमुदायबीच आफ्ना सेवा, कार्यक्रम र योजनाबारे जानकारी दिनु भनेको जनतालाई सुसचित गर्नु पनि हो । यस्ता कार्यक्रमले सेवा प्रदायक संस्था र स्थानीयबीच आपसी सम्बन्ध बलियो बनाउँन मद्धत गर्दछ । सार्वजनिक सुनवाई कार्यक्रममा मुक्ति नेपालका कार्यकारी निर्देशक श्याम कुमारी साहले सार्वजनिक सरोकारका निकायले चुस्त, दुरुस्त, तथा प्रभावकारी सेवा प्रवाहमा जोड दिनुपर्ने धारणा राखिन । सवैले आ-आफ्नो जिम्मेवारी बोधगर्नसके जनताले राहत पाउँने विश्वास उनले व्यक्त गरिन ।

सार्वजनिक सुनुवाई कार्यक्रम रुपमा सामान्य देखिएपनि यसको गहन महत्व हुन्छ । यस्ता कार्यक्रमले स्थानीय सत्तामा बसेकाहरुमाथि खबरदारी गर्दछ, उनीहरुलाई जिम्मेवार बनाउने भूमिका खेल्दछ । यस्ता कार्यक्रम खासमा असल शासनका मापक हुन्  र नगरका जिम्मेवारहरुका लागि जनतालाई आफ्ना कुरा भन्ने जानकारी दिने अवसर पनि हुन । सार्वजनिक सुनवाई कार्यक्रमलाई स्थानीयतहरुले प्राथमिकताका साथ आयोजन गर्ने परिपाटी बसाल्न सकेभने त्यो उनीहरुकै निम्ति लाभकारी हुनुक्छ ।

# नेपालको गरीवीको निम्ति बामपन्थी अर्थनीति जिम्मेवार



– श्रीमन नारायण

नेपालमा कम्युनिष्टहरुको प्रभाव किन यति बढी छ । यसको सोझो जवाफ हो यहाँ गरीबहरुको संख्या धेरै हुन हो । नेपालमा गरीवहरुको संख्यामा कमी नआउन्जेलसम्म कम्युनिष्ट पार्टीको जनसमर्थनमा पनि कमी आउने छैन । नेपालबाट गरीवी हटोस तथा बेरोजगारीको समस्यामा नरहोस भन्नेप चाहना देशका कम्युनिष्टहरुको हुनै सक्दैन । उत्तरी छिमेकी चीनको अर्थनीतिबाट बामपन्थी विचारधारा गायब भएको चार दशक भन्दा पनि बढी भइसकेको छ। भारतको पश्चिचम बङ्गालबाट पनि कम्युनिष्टनीतिको बिदाई भएको डेढ दशक भन्दा बढी भइसकेको छ तर नेपालको अर्थनीतिमा यहाँका कम्युनिष्टह(रुको बर्चस्व र प्रभावमा कमी आएको छैन बरु झन झन बलियो नै भएका छन ।

नेपालको सत्ता र राष्ट्रिय अर्थव्यवस्थामा कम्युनिष्ट पार्टी र तिनका नेताहरुको निरन्तर र बलियो प्रभाव भएपनि त्यसको उपयोग राष्ट्रिय गरीवीलाई कम पार्नमा भएको छैन । शक्तिकेन्द्र र सत्तामा पुग्न दुरुपयोग मात्रै भएको छ । दलाल पूजीवादको चकी नारा दिएर उद्योगधन्धा देशमा फस्टाउन नदिने नेपालका कम्युनिष्टहरु उत्तरी छिमेकी चीन वाहेक विश्वनका अन्य देशको लगानीलाई पनि भित्रिन नदिने र देशमा गरीवी एवं बेरोजगारीलाई कम हुन नदिई केवल ईर्ष्या द्बेष घृणा एवं प्रतिशोधको भरमा राजनीति गर्ने कामलाई निरन्तरता दिदै आएका छन ।

वि।सं। द्दण्छण सालतिर अरुण जलविद्युत परियोजनाको निर्माणको विषय चर्चामा आएको थियो । एशियाली विकास बैंकले सहयोग गर्ने कुरा थियो तर ने।का।पा।एमालेका नेताहरुले अरुण परियोजना आए हाम्रो राष्ट्रिय स्वाभिमान माथी आच आउनेछ भन्दै सडक देखि सदनसम्म यसको चकी विरोध गरे फलस्वरुप त्यो परियोजना सन्चालनमा नै आएन र नेपालले १९ घण्टासम्म लोडसेडिँग भोग्नुपर्ने अवस्था उत्पन्नि भयो। एकहजार मेगावाटको उक्त परियोजना समयमै निर्माण सम्पन्नँ भएको भए देश दुई दशक अघि नै लोडसेडिँगबाट मुक्त भई अहिले बिजुलीको निर्यात गरी रहेको हुने थियो । विजुली भएको ठाउँमा गरीवी हुदैन किनभने यसले धेरै रोजगारको अवसर पनि सृजना गर्दछ ।

तिन वर्ष अघि मात्रै अरुण तेस्रो जलविद्युत परियोजना निर्माणको ठेक्का त्यही ने।का।पा।एमाले सरकारको पालामा भएको हो । ने।का।पा।एमालेको अनावश्यनक अडानका कारण देशमा गरीवी एवं बेरोजगारीको दरमा निकै वृद्धि भएको हो । के ने।का।पा।एमाले यसको निम्ति नेपाली जनतासित क्षमा माग्न सक्दछ ।

ने।का।पा।माओवादीको दश वर्षे सशस्त्र संघर्षका कारण ज्ञठ हजारजति नेपालीले ज्यान गुमाउनु पयीत । देशले खवीको आर्थिक क्षति भोग्नु पयीघ । अनेकौं भौतिक संरचना बन्द हुन थाले । माओवादीलाई चन्दा दिने उद्योगहरुले जथाभावी आफ्नो उत्पा(दनको मूल्य तोक्न थाले ।

जिल्ला भरिका जग्गाधनीहरु पलायन गरेर सदरमुकाम पुग्ने गरेका कारण जिल्ला भरिका धनीहरु जिल्ला सदरमुकाममा, देशका मह(त्वपूर्ण शहरहरुमा र काठमाण्डौमा केन्द्रित भए ।  यसले गर्दा गाउँ घरमा झन गरीवी एवं बेरोजगारी बढाउने काम भयो । उद्योगपतिहरु पनि निजी अस्पताल बैंक स्कुल क्याम्पस र हाउजिँग कम्पलेक्स एवं मालको निर्माणमा पूँजीं लगाउन थाले । विगत १५ वर्ष देखि त ने।का।पा।आओवादी केन्द्र पनि सरकार र सत्ताकै वरिपरमा छ तर तुलनात्मक रुपमा देशमा गरीबी बढ्केकै छ। नेपालका गाउँ मात्र होइन शहरबाट पनि वैदेशिक रोजगारका लागि गरीब युवा लाखौको स८्या मा विश्व का अनेक देशमा पुग्ने क्रम शुरु भयो । माओवादीको सशस्त्र संघर्षपछि देशमा गरीवी र बेरोजगारी तीब्र गतिमा बढेको छ ।

राष्ट्रियता र स्वाभिमानको नारा दिने केही संकिर्ण मानसिकताका नेपालीहरु अफ्गानिस्थान लेबनान लिबिया र इराकजस्ता गरीब देशमा समेत रोजगारीका लागि पुग्ने नेपालीहरुको अवस्थाबाट चिर्ा(न्तत र पीडित किन छैनन्  जब नेपाली आईमाई विदेशबाट फर्केपछि आफ्नो कोखमा अवैध सन्तान बोकेर नेपाल फर्किन्छन तथा दिनहुँ युवाहरुको शव बक्सा भित्र त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा आउने गर्दछ अनि त्यतिबेला हाम्रो राष्ट्रिय स्वाभिमान राष्ट्रियता र राष्ट्रगौरवमाथि आँच किन आईरहेको हुदैन ।

गरीवहरुको हितका लागि हतियार उठाएको हु  र संघर्ष गर्छु भन्ने दावी गर्न ने। का।पा।माओवादीका नेताहरुको सामाजिक एवं राज(नीतिका जीवनशैलीले नै तीनको भनाई र गराई वीच रहेको फरार्ा(कलो खाडललाई चित्रण गरिरहेको छ ।

वि।सं।द्दण्ब्बट सालको परिवर्तनपछि नेपालमा कम्युनिष्ट विचारका जति पनि नेता प्रधानमन्त्री र मन्त्री भए ति सबैले आफ्नो पार्टीको आर्थिक नीति समाजवादी वा जनवादी हुने घोषणा गरेका थिए तर नेपालको अर्थ व्यवस्था न कहिले समाजवादी थियो न त भर्ा(वष्यमा नै समाजवादी अर्थ व्यवस्था हुने सम्भावना छ । नेपालमा समाजवादी अर्थ व्यवस्थाको अभ्यास हुने छ भनी विश्वा स गर्नु जनस्तरमा भ्रम हो भने नेताहरुको लागि झुट बोलेर चुनाव जित्नेथ अस्त्र मात्र हो ।

भारत र चीन जस्ता विश्विका दुई शक्तिशाली देशको वीचमा अर्ा(वस्थत नेपालले समाजवादी अर्थनीति लागू गर्ने कुरा गर्नु ठट्टा बाहेक अरु केही पनि होइन । चीनले चार दशक अघि नै पूजीवादी आर्थिक नीतीलाई आत्मसात गरिसकेको हो । भारतको अर्थव्यवस्था पनि पुजीवादी नै हो । भारत र चीनसित आयात निर्यात व्यापार गर्ने नेपालले समाजवादी अर्थव्यवस्था कसरी लागू गर्न सक्दछ ?

समाजवादी अर्थ व्यवस्था न नेपालको लागि न गरीव नेपालीकै हितका लागि उपयोगी छ ।

नेपालमा समाजवादी अर्थव्यवस्थाको नारा केवल नेपालका कम्युनिष्ट नेताहरुको लागि चुनावी राजनीतिक नारा मात्रै सावित भएको छ । यस नाराले चुनावमा सफलता दिलाउछ । नेपालका कतिपय कम्युनिष्ट नेताहरुमाथी पनि अर्बौ रुपैयाको भ्रष्टाचार  गरेको आरोग लाग्दै आएको छ । नेपालमा सबैदलका नेताहरु भ्रष्टचारमा शामिल छन । तसर्थ सबैले एक अर्कालाई जोगाईरहेको अवस्था छ । हुनत नेपाली काग्रेस पनि आफूलाई समाजवादी अर्थ व्यवस्थाकै पक्षधर बताउँदै आएको छ जवकी व्यवहारमा उसले पनि पुजीवादी आर्थिक नीतीलाई नै आत्मसात गरेको छ ।

नेपालका बामपन्थी नेताहरु अर्थनीतिको सवालमा अन्योलको अवस्थामा छन । तिनको अर्थनीति राष्ट्रहितमा हुँदै होइन केवल राजनीतिक हितमा केन्द्रित छ । नेपालका साम्यवादी दलहरूको सबैभन्दा ठूलो समस्या भनेको धरातलीय यथार्थको सूक्ष्म विश्लेषण नै नगरी केवल सबै समस्याको साम्यवादी तरीकाले समाधान खोज्नु हो । जुनकि सम्भव नै छैन । मर्कसवादीहरूको वैचारिक चिन्तन पनि सीमित नै हुने गर्दछ । समयको प्रवाहसँगै आफ्नो जालमा वामप(न्थीहरू फस्दै गएका उदाहरण पनि पर्याप्त नै छ ।

आफ्ना प्रत्येक विरोधीलाई तानाशाह तथा फासिस्ट भन्नु र वामप(न्थी विचारसँग असहमतलाई भारत, अमेरिका तथा पुजीपतिहरूको एजेन्ट भएको आरोप लगाउनु नेपालका वामपन्थीहरूको परम्परा हो । उनीहरू यस कार्यमा अभ्यस्त हुन्छन । मार्क्सवादी वैचारिकताको यो अस्त्र प्रहार गर्नमा कहिल्यै कम्युनिस्टहरू कन्जुस्याईगर्दैनन । शायद त्यही भएर होला तिनको राजनीति पनि कहिल्यै मुठीभर बुद्धिजीवीहरूको परिधिभन्दा बाहिर आउन सकेन ।

कम्युनिस्टहरूको तानाशाहीतन्त्र बाह्य आक्रमणको मुकाबिला गर्नमा उपयोगी अवश्य पनि रह्यो तर जहाँभौतिक बलसँग मुकाबिला गर्ने अवस्था आयो, त्यहाँत्यो बढी प्रभावकारी साबित हुन सकेन । सामाजिक ज्ञान, दर्शन तथा सांस्कृतिक क्षेत्र यसका उदाहरण हुन । सोभियत युगको सात दशकमा कुनै एउटा यस्तो कुरा सामुन्ने आएन, जसलाई आजका दिनमा मूल्यवान भन्न सकियोस । यसको ठीकर्ा(वपरीत पुजीवादी युरोप तथा अमेरिकामा साहित्यिक, वैचारिक तथा बौद्धिक योगदानका क्षेत्रमा पनि अनेकौं उल्लेख्य स्तम्भहरू ठडिए । 'विश्वका मजदूरहरू एक हौं' भन्ने नारा पनि स्वीकृत भएन । विश्वका कुनै पनि देशमा त्यहाँका जनताले आफ्नो देश, राष्ट्रियता, भाषा, धर्म, संस्कृति, उपेक्षा गरेर वर्गीय एकता देखाउने कुरामा अभिरुचि देखाएनन ।

स्वयम कम्युनिस्ट देशहरूले पनि अवसर पाउनेबित्तिकै रूस र ची(नभन्दा पृथक आफ्नो स्वतन्त्र पहिचान देखाउनमा सयेच मानेनन । यति खुला इतिहासका बावजूद यदि कोही मार्कसवादमा कुनै किसिमको समस्याको समाधान खोजिरहेको छ भने त्यसमाथि दया मात्रै व्यक्त गर्न सकिन्छ । वैचारिक आडम्बर नै वर्तमान युगमा वा(मपन्थी राजनीतिको प्रमुख अस्त्र बन्न गएको छ ।

आर्थिक क्षेत्रमा समतावादी सत्ता असफल नै रह्यो । सफलतामा लाभ तथा असफलतामा हानिका वैचारिक कारकहरूको लोप भएका कारण त्यसमा लागेका कर्मीहरू तथा व्यवस्थापकहरूमा पनि दक्षता तथा प्रेरणाको स्रोत कमजोर हुँदै गयो । त्यो त रूसको विशाल प्राकृतिक सम्पदा थियो, जसको बलमा सोभियत सङ्घ जस्ता पूर्वी युरोपका देशहरूमा पनि समाजवादको नक्कली चित्रलाई ऐनकेन प्रकारेण देखाउने काम भयो ।

सन १९८६-८९ घटनाले के पनि साबित गयी भने रूसको सहयोग एवं आशीर्वाद हट्नेबित्तिकै पूर्वी युरोपका वामपन्थी सत्ताहरू तासको महल जस्तै ढले । कृषि क्षेत्रमा मार्क्सवादी प्रयोगले अझ बढी विध(वंश नै गयी । किसानहरूको जमीन खोसेर सामूहिकीकरण तथा प्रशासनीकीकरणले अभूतपूर्व अकालको अवस्था उत्पन्न गरायो । सोभियत सङ्घ, चीन, दक्षिण कोरिया, उत्तरी कोरिया, कम्बोडिया, इथोपिया आदि देशमा करोडौं मानिस भोखले मरे तर शेष विश्(वलाई दशकौंपछि मात्र यसको जानकारी भयो । कम्युनिस्ट पार्टीको शासनसत्ता अस्तित्वमा रहुन्जेलसम्म त्यसको कमीकमजोरी तथा विकृतिबारे विश्वजगत्लाई थाहा भइरहेको हुदैन ।

जब रूसीहरूले कम्युनिस्ट शासन विघटन गर्न शुरू गरे अनि २ करोड सदस्यता भएको कम्युनिस्ट पार्टी तथा उसको विशिष्ट बल नौमेलक्लातुराले यसको कुनै विरोध गरेन । किनभने तिनमा आ(दर्शको कुनै मान्यता थिएन । सत्ताको निर्मम प्रयोग र विशेष अर्ा(धकारको भय एवं लोभका आधारमा मात्र ती देशहरूमा शासन चलाउने काम भयो । वर्गहीन राज्य, गैरदमनकारी राज्य तथा समतावादको यसको घोषित उद्देश्य क्षतविक्षत भइसकेको छ । वा(मपन्थको नाममा जनतालाई भ्रमित गर्ने काम मात्रै भइरहेको छ ।

लेनिन, स्टालिन, पोलपोर्ट आदिहरूको हिंसक शासनशैलीलाई विश्वजगत्ले बिर्सन सकेको छैन । वर्तमान अवस्थामा कुनै पनि देशका शिक्षित युवा कम्युनिस्ट विचारधाराप्रति सहानुभूति र समर्थन देखाउन चाहँदैनन ।

नेपालमा कम्युनिस्ट पार्टीको दुई तिहाइ बहुमतको सरकार अवश्य पनि छ । तर यसलाई कम्युनिस्ट मान्ने कि नमान्ने भन्ने विषयमा स्वयम नेपालकै वामपन्थीहरू पनि भ्रमित छन । कम्युनिस्टहरूको वैचारिक आडम्बर विश्वव्यापी चर्चाको विषय रहँदै आएको छ ।नेपालको अर्थव्यवस्था कस्तो हुने हो भन्नी सवालमा उनीहरु प्रष्ट नभएपनि नेपालको राष्ट्रिय अर्थव्यवस्थामा पकड भन्ने  कम्युनिष्टह(रुकै हो । नेपालको निम्ति मिश्रित अर्थव्यवस्था नै उपयुक्त सावित हुन सक्दछ ।

## फिचर

# शैक्षिक पर्यटकीय गन्तव्य बन्दै संस्कृत विद्यालय

- गोपालप्रसाद बराल

'यह विद्यालय हमारी संस्कृति, सभ्यता और पहिचानका प्रतीक है, हमारी धरोहर है' (यो विद्यालय हाम्रो संस्कृति, सभ्यता र परिचयको प्रतीक हो, हाम्रो धरोहर हो) महोत्तरीको मटिहानी-७ स्थित तीन सय चार वर्ष पुरानो गुरुकुल (हालको राजकीय संस्कृत माध्यमिक विद्यालय) अवलोकन पश्चात् भारतीय विद्वान पूर्वीय दर्शनका ज्ञाता रमेशचन्द्र टिकमानीले आगन्तुक पुस्तिकामा लेख्नुभयो ।

गत वैशाख ६ गते विद्यालय अवलोकनका लागि प्राध्यापक, अन्वेषक र विश्लेषकहरुको भारतीय टोली साथ आउनु भएका टिकमानीले भारत वर्ष (हालको दक्षिण पूर्वी एसिया क्षेत्र, आर्यावर्त) को पुरातन भाषा, साहित्यको विकास र संरक्ष(णमा राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीको योगदानको स्मरण गर्न'भएको छ । प्राचीन र वैज्ञानिक भाषा संस्कृतको संवर्द्धनमा विद्यालयको योगदानको टिकमा(नीले सराहना गर्न'भएको छ ।

गत वर्ष मङ्सिर ६ गते राष्ट्रपति विद्यादेवी भण्डारीले यो विद्यालय अवलोकन गर्न' भएपछि यहाँ पाहुना आउने क्रम ह्वात्तै बढेको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको आगमनले विद्यालयको ओज बढेको प्रधानाध्यापक ईश्वरी पौडेल बताउनुहुन्छ । ँबितेको एक वर्षभित्रै दुई सयभन्दा बढी विशिष्ट व्यक्तित्वको आगमन भएको छ, हामीले विद्यालयको अवस्थाबारे अवगत गराउन पाएका छौं, पौडेल भन्नुहुन्छ । देश विदेशका विशिष्ट व्यक्तित्व र विभिन्न क्षेत्रका अध्येताहरुको बाक्लो आगमनले यो विद्यालय शैक्षिक पर्यटनको गन्तव्य बन्दै गएकामा मटिहानीवासी खुसी छन् ।

पछिल्लो एक वर्षभित्र विश्वविख्यात क्याम्ब्रिज विश्वविद्यालयमा विद्यावारिधिको शोध गरिरहेका ग्रेस मुइलर र प्रमोदकुमार मेहताले गत वैशाखमै विद्यालयको अवलोकन भ्रमणसँगै यहाँको पठनपाठन र व्यवस्थापनबारे जानकारी लिनुभएको थियो ।

त्यसैगरी संयुक्त राष्ट्रसङ्घीय कोषका नेपाल(स्थित विशिष्ट अधिकारी इरफान अलराई, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदी र प्राडा ऋषिराम पौडेलसहितका व्यक्तित्व गत भदौमा विद्यालय अवलोकनमा आ(उनुभएको थियो । त्यसैगरी गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, पू(र्वमन्त्री हृदयेश त्रिपाठी, नेपाली कांग्रेसका केन्द्रीय सदस्य किरण यादव, लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्र सोनल, मधेस प्रदेशका पूर्वप्रमुख डा राजेश अहिराज र भारतीय जनता पार्टीका नेता दिनेश उपा(ध्यायले पनि यस विद्यालयको अवलोकन गर्न'भएको छ ।

यस्तै विभिन्न सरकारी निकायका वरिष्ठ अधिकारी, संवैधानिक अङ्गका पदाधिकारी, देशका विभिन्न विश्वविद्यालयका प्रा(ध्यापकहरु, विभिन्न धार्मिक संस्थाका प्रमुखहरुले विद्यालय अवलोकनपछि आगन्तुक पुस्तिकामा 'यो विद्यालय मुलुककै शिक्षा क्षेत्रको जिउँदो इतिहास रहेको' भन्नेदेखि पुरातन भाषा, साहित्यको अध्ययन, खोज र संरक्षणमा विद्यालयले दिएको योगदानबारे उल्लेख गर्न'भएको छ । विशिष्ट व्यक्तित्वसहित देश विदेशका अतिथिको सघन अवलोकनले विद्यालय शैक्षिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलको विश्वास छ । ँगत वर्ष राष्ट्रपतिबाट भएको मटिहानी भ्रमणका क्रममा विद्यालय अवलोकनले विद्यालय परिवार र मटिहानीवासी हौसिएका छौं, नगर प्रमुख मण्डल भन्नुहुन्छ, ँस्थानीय तहको सीमाभित्रका काम हामी अघि बढाउँछौं, प्रादेशिक र सङ्घीय सरकारको साथ पाए यो विद्यालय र यससँगै जोडिएको याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्या(म्पस) लाई संस्कृत भाषा/साहित्य र पू(र्वीय दर्शनको अनुसन्धान केन्द्रका रुपमा विकास गर्न सकिन्छ । अवलोकनमा आ(उनुभएका विशिष्ट व्यक्तित्वहरुबाट यसबारे पाएको प्रोत्साहन र सहयोगको आश्वासनले मटिहानीवासी हौसिएका मण्डलको भनाइ छ ।

एकताका उच्च कुलीन ब्राह्मणका लागि मात्र शिक्षाको अवसर दिने यस संस्कृत पाठशालाको अब नाउँ मात्र फेरिएको छैन, राजकीय संस्कृत माध्यमिक विद्यालय सबै जातजाति र समुदायको साझा बन्दैछ । यहाँ अहिले विभिन्न जातजाति/धर्म सम्प्रदायका बालबालिका अध्ययन गर्दैछन् । ँविद्यालयमा अहिले मधेसका मात्र नभएर पहाडी जिल्लाका दलित समुदायका छोरी पनि पढ्दैछन्, विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेल भन्नुहुन्छ, ँछोरी शिक्षालाई त विशेष ध्यान नै दिएका छौं, कक्षा ११ र १२ को शिक्षा पनि छोरीलाई पूर्ण निःशुल्क छ । विद्यालयमा हिन्दू र बौद्ध परम्पराका मात्र नभएर इस्लाम धर्मावलम्बी छात्रछात्राको संस्कृत पढ्ने रहरले आफ्नो गुरुकुल सबैको साझा फूलबारी बनेको प्रधाना(ध्यापक पौडेल बताउनुहुन्छ ।

भारतसँग सीमा जोडिएको महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालय जातीय दृष्टिले मात्र नभई पहाड-मधेस सम्बन्धको आधार बनेको छ । करिब तीन सय पाँच वर्षको इतिहास बनाएको यो गुरुद्वारा (विद्यालय) मा संस्कृत विषयको अध्ययन मोहले आउने पहाडी जिल्लाका वटुक (विद्यार्थी) को ठूलो उपस्थितिले यो पहाड-मधेस सम्बन्धको सेतु रहँदै आ(एको मटिहानीवासी बताउँछन् । यसबाहेक छिमेकी भारतका पनि उल्लेख्य स८्याका वटुक यहाँ अध्ययन गर्दछन् ।

'हरि ॐ नमस्ते रुद्र मण्याय...!' सखारैको रुद्राभिषेक पाठ । लामो टद्रपी पालेका पि(तवस्त्रधारी वटुकहरुको रुद्राभिषेक पाठसँगै सुरु हुने नियमित दैनिकीको चहलपहलले गुरुद्वाराको चहक सधैं उजेलिएकै हुन्छ । विद्यालयमा पछिल्ला पाँच वर्षयता मह(र्षि फाउन्डेसनको सहयोगमा अखण्ड रुद्राभिषेक हुँदै आएको छ । ँगुरुकुलका वटुकको अनुशासन, नित्य रुद्राभिषेक पाठ र योगध्यानसहितका कक्षा हाम्रो चित्तमा सधैं रहने सम्झना हुन्न, गुरुकूल रहेको महिटानी-७ का वडाध्यक्ष जितनारायण माझी भन्नुहुन्छ । विद्यालय परिसरमा पुग्ने विशिष्ट पाहुनाको स्वागतमा विद्यार्थी वैदिक मन्त्रोच्चारणले न्यानो स्वागत र स्वस्तिवाचन गर्छन् । विद्यालयको दैनिक तालिकामा बाँधिएको नियमले सबैलाई अनुशासनमा बाँधेको छ । ँबिहान उठ्ने,  नित्यक्रियाबाट निवृत्त हुने, योगाभ्यास गर्ने, दैनिक रुद्री पाठ गर्ने, खाने, कक्षामा जाने, गृहकार्य गर्ने, घुम्ने, खेलकुद गर्ने र रात्रि विश्रामसम्मका सबै कामका निश्चित समय तालिका बाँधिएको छ, मटिहानीकै बासिन्दा जिल्लाका अग्रज पत्रकार विन्देश्वरीप्रसाद मण्डल भन्नुहुन्छ, ँगुरुकुलले शिक्षा र सामाजिक अनुशासनको ज्ञान सँगसँगै दिएको छ ।

पहाडी विद्यार्थीसँगको हेलमेलले मटिहा(नीसँगै जोडिएको भारतीयबजार मध(वापुरमा पनि नेपाली भाषा बुझ्ने बोल्ने प्रशस्त भेटिन्छन् । पहाडी विद्यार्थी पनि मिथिलाको स्थानीय भाषा मैथिली बोल्न पोख्त भएका छन् । विद्यालयमा आयोजन हुने अतिरिक्त क्रियाकलापमा वक्तृत्वकला, गायन र मनोरञ्जनात्मक कार्यक्रम पनि समार्ा(वष्ट  छन् । गायन, वक्तृत्वकला र सरसफाइ सचेततामा  विद्यार्थी अब्बल देखिँदा छन् । विद्यालयको स्थापित यो परम्परा र

- बाँकी पृष्ठ ६ मा

# प्रधानमन्त्रीद्वारा मूल्य कटौती गर्न निर्देशन




मधेशदृष्टि
काठमाडौँ, २१ पुस
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेट्रोलियम पदार्थको मूल्य तत्काल घटाउन निर्देशन दिएका छन ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेका कारण सोही बमोजिम मूल्य समायोजन गरी मूल्य कटौती गर्न प्रधानमन्त्रीले निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरषद्को कार्यालयमा विहिवार वाणिज्य तथा आपूर्ति सचिवलाई निर्देशन दिदै प्रधानमन्त्री दाहालले आम जनतालाई राहतको अनुभूति हुने गरी पेट्रोल र डिजेल तथा हवाई इन्धनको मूल्य कटौती गर्न निर्देशन दिएका हुन । आपूर्ति सचिव नेपाल आयल निगमको अध्यक्ष रहने व्यवस्था छ । निगमको पछिल्लो विवरण अनुसार १५ दिनमा रु ९९ करोड नाफा हुने देखिएको छ । निगमले रु १८ अर्ब बराबरको रकम तिर्नुपर्ने दायित्व रहेको भन्दै मूल्य घटाउन तयार भएको छैन । चौतर्फी रुपमा मूल्य घटाउन निगमलाई दबाब परेपनि अस्वीकार गर्दै आएको छ । लगातार अन्तर्राष्ट्रिय बजारमा मूल्य ओरालो लागे पनि दायित्व बाँकी रहेको भन्दै मूल्य घटाउन निगम तयार नभएपछि प्रधानमन्त्रीले नै निर्देशन दिनुपरेको हो ।

# सहलेस फूलबारी संरक्षण तथा विकासमा जोड



मधेशदृष्टि
गोलबजार, २१ पुस
सिरहाको लहान नगरपालिकामा अवस्थित ऐतिहासिक एवं धार्मिक पर्यटकीयस्थल सलहेश फूलबारीको संरक्षण तथा विकासमा जोड दिइएको छ।

पौराणिककालमा जनताको अत्यधिक सम्मान पाएका लोकनायक उनैको राजा सलहेसको वीरता झल्काउने गरी मुख्य प्रवेशद्वार निर्माण, फूलबारीका वरिपरि घेराबार, पोखरीको संरक्षण, निर्मित संरचनालाई मर्मतसम्भार तथा प्रयोग र अन्य पूर्वाधार निर्माण गरिने भएको छ । आफ्नो वीरता, पुरुषार्थ र व्यक्तिद्वारा पूजित उनीसँग सम्मिलित यस जिल्ला धेरै ऐतिहासिकस्थल रहेका छन् । प्रत्येक वर्ष वैशाख १ गते जुडशीतल (सिरुवा पर्व) मा यहाँ ठूलो मेला लाग्ने गर्दछ ।सहलेस फूलबारी जिल्लाको साविक सिस्वानी गाउँ विकास समिति हाल लहान नगरपालिकामा रहेको धार्मिक तथा ऐतिहासिकस्थल हो । लहानको सहिदचोकदेखि चार किलोमिटर पश्चिम पूर्वपश्चिम लोकमार्गदेखि दक्षिणमा करिब नौ बिघामा फैलिएको सो फूलबारी दुसाध र दनुवार जातिका इष्ट देवताका रूपमा प्रसिद्ध रहेको छ।

सलहेस गाथामा वर्णन गरिएअनुसार राजा सलहेसले एकैदिनमा मानिक दहमा नुहाउने, फूलबारीमा फूल टिप्ने, सिलहट अखाडामा कुस्ती खेल्ने तथा कुलदेवीको पूजा गरी कञ्चनगढमा पीरमार्का सुन्ने गर्दथे । हारामको रुख नजिकै सहलेस राजा तथा मालिनीको मन्दिर रहेको छ । त्यहाँ गरेको भाकल पूर्ण हुने जनविश्वास रहिआएको छ । मधेस प्रदेश पर्यटन विकास कार्यालय लहानका कार्यालय प्रमुख सन्तोषकुमार साह, लहान नगरपालिका नगर प्रमुख महेश चौधरी, वडाध्यक्ष बद्रीनारायण चौधरीलगायतले हालै स्थलगत निरीक्षण गरी यसस्थलको संरक्षणका विभिन्न योजनाको कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन । धार्मिक पर्यटकका लागि यस फूलबारीलाई सौन्दर्यीकरण गरी आन्तरिक पर्यटक प्रवर्द्धन गर्ने लक्ष्य लिइएको मधेस प्रदेश पर्यटन विकास कार्यालय लहानका कार्यालय प्रमुख साह बताए। पर्यटन विकास कार्यालय लहानको रु एक करोड बजेटबाट कार्यारम्भ गर्ने निर्णय गरेको नगर प्रमुख चौधरीले जानकारी दिए ।

# विज्ञापनलाई व्यावसायिक, स्वच्छ र प्रतिस्पर्धी बनाउन जोड




काठमाडौँ, २१ पुस
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले विज्ञापनलाई व्यावसायिक, स्वच्छ र प्रतिस्पर्धी बनाउनुपर्नेमा जोड दिएका छन । यस काममा विज्ञापन एजेन्सीको पनि भूमिका महत्वपूर्ण हुनेमा उनले जोड दिए।

विज्ञापन बोर्डले विहिवार यहाँ आयोजना गरेको ' बोर्डको कार्यक्षेत्र र विज्ञापन एजेन्सीको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रम शुभारम्भ गर्दै उनले यस्ता कार्यक्रमबाट सरोकार भएका व्यक्ति र निकायका सुझावका आधारमा विज्ञापन क्षेत्रलाई व्यवस्थित, व्यावसायिक र स्वच्छ बनाउन सकिने धारणा व्यक्त गरे । विज्ञापन एजेन्सीले स्वनियमनमा बसेर आफ्नो भूमिका निर्वाह गरे सरकार सहजीकरणका लागि सदैव तयार रहेको सचिव डा अर्यालको भनाइ थियो । उनले यस कार्यक्रममा प्रस्तुत हुने कार्यपत्रमाथि गरिने छलफलबाट प्राप्त सुझावले विद्यमान कमी कमजोरी सच्याउनका लागि अवसर मिल्ने विश्वास व्यक्त गरे।

विज्ञापनको आचारसंहिता विभिन्न चरणमा छलफल र सरोकार निकायका सुझावसमेत समेटी ल्याइएको जानकारी गराउँदै सचिव डा अर्यालले यसमा समयानुसार परिवर्तन र परिमार्जन गर्न सकिने बताए। बोर्डले विज्ञापनसम्बन्धी राष्ट्रिय नीति तयार गर्न लागेकाले यसमा सुझाव दिन आग्रह गर्दै उनले यसले विज्ञापनसम्बन्धी ऐन र नियममा भएका कमी कमजोरी सच्याउन योगदान पुग्ने अपेक्षा गरे।

सचिव डा अर्यालले बोर्ड स्वायत्त रहेको र यसको निर्णय प्रक्रियामा मन्त्रालयको कुनै हस्तक्षेप नभएको समेत स्पष्ट पारे ।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले अन्तर्क्रियाको उद्देश्य सरोकारवालका आवाज सुनेर सम्बोधनका लागि प्रयास गर्नु रहेको उल्लेख गर्दै बोर्डमा सूचीकरण भएका एजेन्सीसँगको अन्तर्क्रिया यो पहिलो भएको जानकारी गराए।

विज्ञापनका क्षेत्रमा सरकार र नियामक निकाय मात्र भएको बताउँदै उनले एजेन्सी र सरोकारवालाका सुझाव बोर्डको नीति र कार्यका लागि आधार हुने उल्लेख गरे। अध्यक्ष हुमागाईंले यो व्यवसायलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिस्पर्धी बनाउन बोर्डले कार्य गरिरहेको बताउँदै बोर्ड आफ्नो क्षेत्रका कार्यमा स्वायत्त रहेको स्पष्ट पारे।

एड्भरटाईजिङ एशोसिएशन आफ नेपाल (आन)का अध्यक्ष सोमप्रसाद धितालले बोर्डलाई स्वायत्त बनाइ विज्ञापन क्षेत्रलाई नियमन तथा बढोत्तरीका लागि थप कार्य गर्नका लागि मन्त्रालयबाट सहजीकरण गरिदिन आग्रहसमेत गरे । उनले बोर्ड सहजीरकण निकायका रुपमा मात्र रहनुपर्ने र व्यवसायीको हकहितमा काम गर्नुपर्ने बताए । अध्यक्ष धितालले बोर्डले सबै विज्ञापन क्षेत्रका विधालाई समावेश हुनेगरी काम गर्नुपर्ने र विज्ञापनको क्षेत्र बढाउनसमेत प्रेरित गर्नुपर्नेमा जोड दिए।

उद्घाटन सत्रपछिको सत्रमा विज्ञापन क्षेत्रसँग सम्बन्धित विभिन्न चार विषयका कार्यपत्र प्रस्तुत गरिने बोर्डले जनाएको छ । रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो



काठमाडौँ, २१ पुस
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहिवार दोहोरो अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक विहिवार १८ दशमलब शून्य नौ अङ्कले उकालो लागेर दुई हजार एक सय ४३ दशमलब ९३ मा पुगेको छ ।विहिवारको कारोबारमा ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलब ५१ अङ्कले उकालो लागेर चार सय ११ दशमलब २३ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा ११ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ । कारोबार भएकामध्ये एक सय ४७ कम्पनीको शेयर मूल्य बढेको छ भने ६२ वटा कम्पनीको शेयर मूल्य घटेको छ। कूल एक रु करोड २५ लाख ८१ हजार नौ सय ८२ कित्ता शेयर रु पाँच अर्ब चार करोड सात लाख ४० हजार नौ सय ३७ मूल्यमा खरिद बिक्री भएका छन् । शेयर कारोबार हुने साताको अन्तिम दिनको कारोबारपछि बजार पूँजीकरण रु ३१ खर्ब एक अर्ब ४५ करोड एक लाख १२ हजार एक सय ४९ बराबर पुगेको छ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४३ करोड १९ लाख ६६ हजार नौ सय ७४ बराबरको कारोबार भएको छ । यस्तै, रिडी पावर कम्पनी रु २१ करोड ४१ लाख आठ हजार चार सय ८७, हिमाल दोलखा हाइड्रोपावर रु ११ करोड ८४ लाख ७८ हजार छ सय ६५, एनआइसी एशिया बैंक रु ११ करोड ८४ लाख ४४ हजार तीन सय छ र नेपाल पुनर बीमा कम्पनी रु १० करोड दुई लाख ६३ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।नेप्सेका अनुसार विभिन्न पाँच कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । जसमा चन्द्रागिरि हिल्स, बुद्धभूमि नेपाल हाइड्रोपावर, धौलागिरि लघुवित्त, खप्तड लघुवित्त र सिर्जनशील लघुवित्त छन् । उकालो लागेको बजारमा सिटिजन म्युचुअल फण्ड तीन दशमलब शून्य तीन, मनकामना स्मार्ट लघुवित्त दुई दशमलब ८८, नारायणी डेभलपमेन्ट बैंक दुई दशमलब ८२, नेपाल एसबिआई बैंकको ऋणपत्र दुई दशमलब ७० र प्रभु इन्स्योरेन्स कम्पनीका लगानीकर्ताले दुई दशमलब ४६ प्रतिशतले गुमाएका छन् ।रासस

# त्रिभुवन विश्वविद्यालयलाई आर्थिक अभाव

काठमाडौँ, २१ पुस
सरकारले पर्याप्त बजेट उपलब्ध नगराउँदा मुलुकको पहिलो विश्वविद्यालयले आर्थिक अभाव बेहोर्नु परेको छ। पर्याप्त बजेट नहुँदा त्रिभुवन विश्वविद्यालयले अवकाशप्राप्त प्राध्यापक र कर्मचारीलाई साउनयता पेन्सन पठाउन सकेको छैन।

विश्वविद्यालय अलुम्नाई एशोसिएशनको चौथो राष्ट्रिय सम्मेलनको उद्घाटनमा बोल्दै विश्वविद्यालयका रजिष्ट्रार प्रा डा पेशल दाहालले पेन्सन खुवाउन नसकिएको बताए । विश्वविद्यालयले गत आर्थिक वर्षमा रू २८ अर्ब बजेट विश्वविद्यालयसभाबाट पारित गरेको थियो भने सरकारले रू नौ अर्ब बजेट दिएको उनले जानकारी दिए।

विश्वविद्यालयले रू १० अर्ब तलब र भत्ता तथा रू चार अर्ब पेन्सनमा खर्च गर्दै आएको रजिष्ट्रार दाहालले बताए । कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा डा धर्मकान्त बास्कोटाले विश्वविद्यालयमा १६ हजार ६५ जना शिक्षक र कर्मचारीको दरबन्दी रहेकोमा सरकारले १३ हजार जनाका लागि मात्रै तलब भत्ता पठाउने गरेको बताए।

कार्यक्रममा पूर्व उपकुलपतिहरू प्रा डा तीर्थराज खनियाँ र केदारभक्त माथेमा, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष प्रदीपकुमार श्रेष्ठ, राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलगायतका वक्ताले विश्वविद्यालयले समयअनुसार परिमार्जन गर्न नसकेको धारणा राखे । विश्वविद्यालयले आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न नसक्दा विद्यार्थीहरु उच्च शिक्षाका लागि विदेशिन बाध्य भएको उनीहरुको भनाइ थियो।

सम्मेलनले एशोसिएशनको नयाँ कार्य समिति चयन गर्नेछ। कार्यक्रममा ग्लोबल आइएमइ बैंकले डिजिटल बैंकिङसम्बन्धी कक्षासमेत सञ्चालन गरेको थियो । सम्मेलनमा एशोसिएशनका महासचिव प्रा डा ऋदिशकुमार पोखरेलले संगठनका गतिविधि समेटिएको प्रतिवेदन तथा कोषाध्यक्ष डा कुशिमला आचार्यले कोषको प्रतिवेदन प्रस्तुत गरेका थिए। रासस

# कृषियोग्य जमिनको संरक्षण आवश्यक : अध्यक्ष तिमिल्सिना

काठमाडौँ, २१ पुस
राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले स्थानीय तहले कृषि उत्पादनयोग्य जमिनको संरक्षण गर्न नसकेको बताउनुभएको छ । विहिवार यहाँ आयोजित नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लिमिटेडको १५औँ वार्षिक साधारणसभामा उहाँले जग्गाको खण्डीकरण र बस्ती विस्तार रोकिनुपर्ने बताए।

उनले भने ,"कृषियोग्य जमिन खुम्चिदैछ, जग्गा खण्डीकरण गरी प्लटिङ बढ्दो छ।" उनले कृषियोग्य जमिन अभाव भइरहेको भन्दै सहकारी संस्थाले सामूहिक कृषिखेतीमा जोड दिनुपर्ने बताए। सहकारीमार्फत् प्रत्येक जिल्लामा एउटा सामूहिक कृषिजन्य सामग्री उत्पादन कार्यक्रम सुरु गर्न उनले आग्रह गरे । सामूहिक खेतीमार्फत् कृषि उद्यमशिलता बढाउन सके व्यापार घाटा कम गराउन सकिने उनको भनाइछ।



नेपालमा मात्रै उत्पादन हुने उपज र वस्तुको पेटेन्ट दर्ता हुनुपर्ने उनले बताए । कृषि उत्पादनलाई निर्यातमुखी बनाउन अर्ग्यानिक उत्पादन, विज्ञ जनशक्तिको सहभागिता र प्रविधिको प्रयोग बढाउनुपर्ने उनको भनाइ छ । उनले किसानमुखी कानून निर्माण हुनुपर्नेमा जोड दिए।

नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लिमिटेडका अध्यक्ष खेमबहादुर पाठकले किसानले मल र बिउ समयमा नपाउने, सिँचाइको अभाव र कृषि प्राविधिक जस्ता समस्या किसानले भोगिरहेको गुनासो गर्नुभयो । उनले कृषि तालिम तथा अनुसन्धान केन्द्रको निर्माण गर्न सरकारले सहयोग गर्नुपर्ने बताए ।रासस

# ग्लोबल आइएमई र बिओकेको एकीकृत कारोबार पुस २५ गते

काठमाडौँ, २१ पुस
ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डुको (बिओके) एकीकृत कारोबार यही पुस २५ गतेदेखि हुने भएको छ।

दुवै बैंकले गत मङ्सिर २३ गते सम्पन्न साधारणसभाबाट एकापसमा गाम्भे/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित भएसँगै नेपाल राष्ट्र बैंकले मर्जरको अन्तिम स्वीकृति दिएको थियो। राष्ट्र बैंकले यही पुस १७ गते र कम्पनी रजिष्ट्रारको कार्यालयले पुस १९ गते मर्जरको अन्तिम स्वीकृति दिएको थियो। दुई बैंक मर्जरपछि ग्लोबल आइएमई बैंकका नामबाट आगामी पुस २५ गतेदेखि एकीकृत कारोबार सुरु हुन लागेको हो।

मर्जरपछि बैंकको केन्द्रीय कार्यालय हाल ग्लोबल आइएमई लिमिटेडको केन्द्रीय कार्यालय रहेको स्थान बागमती प्रदेश, काठमाडौँ जिल्ला वडा नं २८ कमलादीमा हुने कम्पनीले जानकारी दिएको छ।



ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डुको एक बराबर एकको स्वाप रेसियोमा मर्ज हुन लागेका हुन् । बैंक अफ काठमाण्डुको एक सय कित्ता शेयर भएका शेयरधनीले मर्जरपश्चात् ग्लोबल आइएमई बैंकको एक सय कित्ता शेयर प्राप्त गर्नेछन्।

मर्जरपश्चात् बन्ने बैंकको चुक्ता पुँजी रु ३४ अर्ब ४१ करोड पुग्नेछ । बैंकको वित्तीय विवरणका आधारमा मर्जरपश्चात् बैंकको निक्षेप रु तीन खर्ब ८० अर्ब ५२ करोड र कर्जा रु तीन खर्ब ६२ अर्ब ४० करोड पुग्नेछ। मर्जरपश्चात् बैंकको शाखा सञ्जाल तीन सय ६५ र एटिएम तीन सय २८ पुग्नेछन्।

मर्जरपश्चात् बन्ने बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा ग्लोबल आइएमई बैंकका सीईओ रत्नराज बज्राचार्य बन्ने छ । साथै मर्जरपश्चात् बैंक अफ काठमाण्डुका सिइओ श्रवणलाल मास्के वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) बन्ने छ । बैंकको सञ्चालक समितिमा ग्लोबल आइएमई बैंककातर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकालसहित पाँच जना र बैंक अफ काठमाण्डुकातर्फबाट दुई जना रहने सहमति भएको थियो।

तीन दिन सेवा बन्द

पुस २५ गते एकीकृत कारोबार अगाडि तीन दिन बैंक अफ काठमाण्डु लिमिटेडले तीन दिन सेवा बन्द गर्ने भएको छ। बैंकले विहिवार एक सूचना जारी गर्दै डाटा माइग्रेशन प्रयोजनका लागि बैंकले पुस २२ देखि २४ गतेसम्म सम्पूर्ण बैंकिङ सेवा बन्द रहने जनाएको हो ।रासस



जनवरी ४, २०२३ मा म्यानमारको ७५ औं स्वतन्त्रता दिवस मनाउने परेडमा मानिसहरू सहभागी ।

# टि ट्वान्टी लिगमा जनकपुरले पोखरालाई हराउदै प्लेअफमा

काठमाडौं, २१ पुस
राजधानीमा जारी पहिलो संस्करणको नेपाल टि ट्वान्टी क्रिकेट लिग प्रतियोगितामा जनकपुर रोयल्स विजयी भएको छ।



कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विहिवार भएको खेलमा जनकपुरले पोखरा एभेञ्जर्सलाई छ विकेटले पराजित गर्दै विजयी भएको हो । जितसँगै जनकपुर अङ्क तालिकाको दोस्रो स्थानमा रहँदै प्लेअफमा पुग्यो । नौ खेलमध्ये छ मा जित तथा तीन खेलमा हार बेहोरेको जनकपुरले १२ अङ्क जोड्दै अङ्क तालिकाको दोस्रो स्थानमा रहेर प्लेअफमा पुगेको हो ।

प्रतियोगितमा लुम्बिनी अल स्टार पनि यसअघि नै प्लेअफमा पुगिसकेको छ। समान नौ खेल नै खेलको लुम्बिनीले आठ खेलमा जित र एक खेलमा हार बेहोरे पनि १६ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा पुगेको छ।

विहिवारको खेलमा पोखराले जनकपुरलाई जितका लागि ६९ रनको चुनौती दिएको छ । जवाफमा जनकपुरले नौ ओभरमा चार विकेट गुमाउँदै ७० रन बनायो । जनकपुरको जितमा सराफुदिन असरर्फले सर्वाधिक ३७ रनको योगदान दिए भने ट्रभोन ग्रिफीथले १७ रन जोडे । त्यस्तै पवन सरार्फले चार रन जोडे भने राजेश पुलामी र असन प्रियरञ्जनले समान एक/एक रन जोडे । बलिङतर्फ पोखराका कुशल मल्लले तीन विकेट लिए भने असिथा फर्नान्डोले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिलो व्याटिङको निम्तो पाएको पोखराले १२ ओभरमा सबै विकेट गुमाउँदै ६८ रनमा समेटियो । पोखराका लागि सिद्धान्त लोहनीले सर्वाधिक १७ रन बनाए भने आशिफ शेख र कुशल मल्लले समान १६/१६ रन जोडे । त्यसबाहेकका अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

पोखरालाई कम योगफलमा समेट्नेक्रममा जनकपुरका सोमपाल कामी एक्लैले तीन विकेट लिए भने ललित राजबंशी र शराफुदिन असरर्फले समान दुई/दुई विकेट लिए । त्यस्तै पवन शर्राफ ट्रभोन ग्रिफिथ र जितेन्द्र मुखियाले समान एक/एक विकेट झारे । यससँगै नौ खेल खेलेको पोखराले तीनमा जित तथा छ खेलमा हार बेहोर्‍यो । छ अङ्क बटुलेको पोखरा अङ्क तालिकाको पाँचौं स्थानमा छ ।

# पूर्वप्रमुख पादरी बेनेडिक्टको अन्त्येष्टिका लागि सेन्ट पिटर्समा हजारौँको भीड

भ्याटिकनसिटी २१ पुस
संसारभरका क्याथोलिक गिर्जाघरका पूर्वप्रमुख पादरी बेनेडिक्टको सोह्रौंको अन्त्येष्टिमा भाग लिन सेन्ट पिटर स्क्वायरमा हजारौँको भीड लागेको छ । गत शनिबार ९५ वर्षको उमेरमा भ्याटिकनको मेटर इक्लेसिया मठमा उनको निधन भएको हो । कफिनलाई कुहिरोले ढाकिएको सेन्ट पिटरको बासिलिकाबाट बाहिर निकालेर बेदीको अगाडि राख्दा विश्वासीले दिवङ्गत पादरीको प्रशंसा गरेका थिए भने रातो लुगा लगाएका पादरीलाई हेर्दै शोकाकुल अनुयायीले बेनेडिक्टको पार्थिव शरीर रहेको कफिनमा शिर निहुराएर श्रद्धाञ्जली अर्पण गरे ।



साथै उनीहरूले बाइबललाई चुम्बन पनि गरे ।“हामी बेनेडिक्टलाई श्रद्धाञ्जली अर्पण गर्न आएका हौं, आज यहाँ अलबिदा भन्न चाहन्छौं,”अन्तिम संस्कारमा भाग लिन म्युनिखको पूर्वमा रहेको सानो गाउँबाट आएका रेमन्ड मेनारले भने ।

श्रद्धाञ्जलीका लागि विभिन्न देशका सरकार प्रमुख, राजपरिवारका प्रमुख, विश्वभरका पादरीसहितको भीड लागेको छ।

जर्मनीका लजालु धर्मशास्त्री पूर्वप्रमुख पादरी बेनेडिक्टले इसाई धर्मको पुनर्जागरणका निम्ति गरेको योगदान र गिर्जाघरप्रतिको उनको समर्पणको विश्वभरका नेताले प्रशंसा गरेका छन् । उनीहरूले पादरी बेनेडिक्ट एक निष्ठावान् व्यक्ति थिए भन्दै उनका सिद्धान्तहरूलाई विश्वले सधैँ सम्झने बताएका छन् ।

सन् २०१३ मा उनले स्वास्थ्यको कारण देखाउँदै पदबाट राजीनामा गरेका थिए । छ सय वर्षपछि पदबाट त्यसरी राजीनामा गर्ने उनी पहिलो प्रमुख पादरी थिए ।

त्यस बेला उनले एक अर्ब २० करोड क्याथोलिकका गिर्जाघर सम्हाल्ने शक्ति आफूमा नरहेको घोषणा गर्दै पदबाट बाहिरिएका थिए। उनलाई बीसौं शताब्दीका महान् धर्मशास्त्रीहरूमध्येका एक मानिन्छ। उनले आफ्नो जीवनकाल चर्चका सिद्धान्तलाई समर्थन गरेर बिताए । विवाद र असहमतिका बीच भएको त्यो राजीनामालाई विश्वले ‘साहसिक कदम’का रुपमा टिप्पणी गरेको थियो भने केहीले छ सय वर्षपछि जन्मेको ‘ क्रान्तिकारी’ पोप भनेका थिए ।
(रासस/एपी)

# इजरायली सेनाद्वारा वेस्टबैंकमा प्यालेस्टिनी केटा मारिए



प्यालेस्टाइन क्षेत्र, २१ पुस
इजरायली सेनाले बिहीबार वेस्ट बैंकको नाब्लस शहरमा एक प्यालेस्टिनी बालकको हत्या गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ । विद्रोही र इजरायली सेनाहरुबीच सशस्त्र झडप भएको थियो ।


विहिवार बिहानै नाब्लसमा आक्रमणको क्रममा इजरायली सैनिकहरूले हानेको गोली टाउकोमा लागेर १६ वर्षीय अबु जेटोनको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले घोषणा गरेको समाचारमा जनाइएको छ ।

इजरायली सेनाले यस घटनाको तुरुन्तै प्रतिक्रिया दिएको छैन् । स्थानीय प्यालेस्टिनी लडाकू समूह लायन्स डेनले नाब्लसको बालाता शरणार्थी शिविरमा रातभरको झडपमा आफ्ना लडाकाहरू संलग्न रहेको बताएको एक विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

यस वर्षको सुरुदेखि वेस्टबैंकमा इजरायली सेनाद्वारा मारिएका जेटोन चौथो प्यालेस्टिनी हुन् । गत मङ्गलबार, बेथलेहेममा १५ वर्षीय एडम एसाम शेकर अयूयादको मृत्यु भएको थियो ।

सन् २००५ मा १५० भन्दा बढी प्यालेस्टाइनीको मृत्यु भएयता वेस्ट बैंकमा इजरायल गरेको आक्रमणमा सन् २०२२ सबैभन्दा घातक वर्षको रुपमा रहेको डिसेम्बरमा, संयुक्त राष्ट्रसङ्घले जनाइएको छ । (रासस/एएफपी)

# इथियोपियाको द्वन्द्वग्रस्त क्षेत्रमा सहायता पुर्‍याइँदै



आदिस अबाबा, २१ पुस
इथियोपियाको द्वन्द्वग्रस्त उत्तरी क्षेत्रमा मानवीय सहायता पुर्‍याउने कामलाई प्राथमिकतामा राखिएको खाद्य तथा कृषि संगठन, एफएओले जनाएको छ । इथियोपियाको उत्तरी क्षेत्र द्वन्द्वग्रस्त रहेको र यहाँका नागरिकलाई खाद्यान्न, औषधि लगायतका अन्य अति आवश्यक वस्तुहरुको आपूर्ति गर्नुपर्ने भएकाले यसका लागि खाद्य तथा कृषि संगठनल लागेको सो संस्थाले जनाएको छ । यसअघि सो क्षेत्रमा यहाँका विद्रोहीहरुले नै खाद्यान्न वितवरण गर्न नदिएकामा अहिले सो क्षेत्रमा युद्धविराम भएपछि विस्तारै आवश्यक वस्तुहरुको आपूर्ति गर्न थालिएको बताइएको हो ।

यहाँको उत्तरी क्षेत्र खासगरी टिगरेका नागरिकलाई अहिले खाद्यान्नलगायतको आवश्यकता परेको र उनीहरुको अवस्था हेरेर अहिले विदेशी दाता संस्थाहरुको समन्वयमा खाद्यान्न पुर्‍याउने काम गरिएको सो संस्थाले जानकारी दिएको हो ।

यहाँका टिगरे, अफार र अम्राह द्वन्द्वग्रस्त क्षेत्र हुन् । यी क्षेत्रका कैयौँ नागरिकले द्वन्द्वका कारण ज्यान पनि गुमाएका छन् ।

साथै ती क्षेत्रमा जारी रहेको द्वन्द्वका कारण यहाँका विद्रोहीहरुले संयुक्त राष्ट्रसंघ तथा अन्य दाता संस्थाहरुलाई पनि प्रवेश गर्न दिएका थिएनन् । जसका कारण यहाँका नागरिक लामो समयदेखि समस्यामा परेका थिए । अहिले खाद्य तथा कृषि सङ्गठन, विश्व खाद्य कार्यक्रम तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोग र समन्वयमा ती क्षेत्रहरुमा खाद्यान्न र अरु सहयोग पुयाउने काम भइरहेको बताइएको हो । (राासस/सिन्ह्वा)

# गोल्डकपको आयोजनाले काँचुली फेर्दैछ मेची रङ्गशाला

झापा, २१ पुस
नेपाली राष्ट्रिय खेलकुदका थुप्रै हस्तीले आफ्नो खेल जीवनको सुरुआती दिन मेची रङ्गशालामा बिताएका छन् । फुटबल, एथ्लेटिक्स, भलिबल, कबड्डी, कराँते, जुडोलगायतका कैयन विधाका राष्ट्रिय खेलाडी हुर्काउने उर्बर मेची रङ्गशाला पछिल्लो समय आफूचाहिँ बेवारिसेजस्तै बन्न पुगेको थियो । पञ्चायतकालमै निर्मित वरिपरिको पर्खाल हावाहुरी र भुइँचालोले भत्किएपछि मर्मतसम्भार गरेर पुरानै अवस्थामा फर्काउन सकिएको थिएन । दर्शक बस्न बनाइएका प्यारापिट उप्किएर र रङ खुइलिएर उराठ भइसकेका थिए ।

बेवास्ता र दूरावस्थाबाट यसरी गुज्रिरहेको रङ्गशाला फागुनको दोस्रो साता फुटबलको अन्तर्राष्ट्रियस्तरको गोल्डकप प्रतियोगिता सञ्चालन हुने भएपछि काँचुली फेरिने प्रक्रियामा छ । अठार वर्षपछि आयोजना हुने भद्रपुर झापा गोल्डकप प्रतियोगिताका लागि गठित आयोजक समितिले सबैभन्दा पहिला रङगशालाको जीर्णोद्धार थालेको छ ।

झापाको साविक सदरमुकाम चन्द्रगढीको मेची रङ्गशालामा यतिबेला खेलप्रेमी र खेलाडी मात्र होइन, स्थानीय सरकारको हैसियतको रुपमा रहेको भद्रपुर नगरपालिका नै सम्पूर्णरुपमा रङ्गशालाको चमक ब्युँताउने अभियानमा जोडिएको छ । “कुनै बेला यो रङ्गशाला मुलुकभरिका खेलाडीले कौशल देखाउने मेची अञ्चलकै प्रमुख खेलमैदानको रुपमा चिनिएको थियो”, भद्रपुर झापा गोल्डकप फुटबल प्रतियोगिता आयोजक समितिका अध्यक्ष दिपेश ढकालले भने , “हामीले त्यो इतिहासको गौरवलाई फर्काउन सबैभन्दा पहिला रङ्गशालाको मुहार फेर्ने काम गरिरहेका छौं ।”

अध्यक्ष ढकालसहित समितिका पदाधिकारी दिनभरि रङ्गशालाको मैदानमा घाँस रोपिरहेका र प्यारापिटमा रङरोगन गरिरहेका भेटिन थालेका छन् । समितिको महासचिव रहनुभएको भद्रपुर नगरपालिकाको निवर्तमान नगरप्रमुख जीवनकुमार श्रेष्ठसमेत रङ्गशाला मर्मतसम्भार अभियानमा खटिने गरेका छन ।

श्रेष्ठले आफ्नो कार्यकालमै रङ्गशालाको मुहारमा चमक ल्याउने सोचेको तर कोरोना महामारी र मुलुकको राजनीतिक अस्थिरताले सम्भव नभएको बताए । रङ्गशालाको मैदान सम्याएर घाँस रोप्ने कार्य सम्पन्न भइसकेको र प्यारापिट रङ्ग्याउने काम अन्तिम चरणमा रहेको महासचिव श्रेष्ठले जानकारी दिए । अठार वर्ष अघि त्रिभुवन गोल्डकपको अन्तिम संस्करण आयोजना भएयता अरु कुनै फुटबलको गोल्डकप मेची रङ्गशालामा आयोजना भएका छैनन् । यही कारण लामो अन्तरालमा हुन लागेको प्रतियोगितालाई सफल बनाउन रङ्गशालालाई सिँगार्नु परेको खेलप्रेमी तथा भद्रपुर वडा नं ८ का वडाध्यक्ष मनोज सुब्बा बताउछन । “कुनै बेला भद्रपुर नेपालकै प्रमुख नगरमा गनिन्थ्यो”, वडाध्यक्ष सुब्बा भन्छन, “भद्रपुरको गौरव फर्काउने हो भने मुख्य पहिचानको रुपमा रहेको रङ्गशालालाई आकर्षक र चलायमान बनाउनुपर्छ भन्नेमा भद्रपुरवासीको साझा मत छ ।” भद्रपुरको रङ्गशाला सुस्ताएपछि विर्तामोड, कनकाई, काँकडभिट्टा र दमकतिर फुटबलको प्रतियोगिता हुन थालेका थिए । खेल क्षेत्रमा पूर्वाधार भएर पनि पछि परेको पीडा बोकेका भद्रपुरका खेलप्रेमी यसपालि सर्वाधिक पुरस्कार राशि राखेर अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगिताको तयारीमा जुटेको आयोजक समितिका अध्यक्ष ढकालले बताए ।

भद्रपुर डेढ दशकअघिसम्म फुटबलको केन्द्रजस्तै थियो । राष्ट्रिय फुटबल टिमका कप्तान रहिसकेका हरि खड्का भद्रपुरकै छन । उनी मेची रङ्गशालामै खेल अभ्यास गर्दागर्दै मुलुकको चर्चित खेलाडी बन्नुभयो । तर, यहाँ चार दशक अघि सुरु भएको त्रिभुवन गोल्डकप २०६१ सालयता एकपटक पनि आयोजना हुन सकेन ।

भद्रपुरले इतिहास ब्युँताउँदै फुटबल प्रतियोगिता आयोजनाको तयारी थालेपछि झापा विर्तामोडमा बर्सेनि हुँदै आएको झापा गोल्डकपले आफ्नो यसवर्षको कार्यक्रम स्थगित गरेर भद्रपुरलाई सघाउने घोषणा गरेको छ । भद्रपुर गोल्डकप एउटा फुटबल उत्सव मात्रमा सीमित रहेन अब । भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेल अहिले नागरिकस्तरबाट गोल्डकपका पक्षमा देखिएको उत्साहजनक सहयोगलाई भद्रपुरकै विकासको पुनर्जागरणको रुपमा लिन्छन । “मेची रङ्गशालाको जीर्णोद्धारबाट सुरु भएको भद्रपुरवासीको उत्साहलाई ऊर्जा मानेर हामी यस क्षेत्रको समृद्धि अभियानमा सबैलाई जोड्न तत्पर छौं”, नगरप्रमुख पोखरेल भन्छन,“भद्रपुरमा केही हुँदैन, केही गर्न सकिँदैन भन्ने जुन निरासा वर्षौंदेखि थुप्रिएको थियो, अहिले त्यसको अन्त्य भएर रङ्गशालाको काँचुली फेर्ने कार्यबाट जनजनमा उत्साह जागृत भएको छ ।”

# अवैध मदिरा र औषधी सहितको ट्रक नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, २१ पुस ।
पर्सा प्रहरीले बीरगंजको छपैयाबाट बिहीवार ठूलो परिणाममा रहेको अवैध घरेलु मदिरा सहित झण्डै १ करोड १४ लाख बढीको औषधी बोकेको ट्रकलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले वीरगञ्ज महानगरपालिका वडा नम्बर २ श्रीराम हल पछाडी खाली चौरमा ना ६ ख ७२६ नम्बरको मालवाहक कन्टेनर ट्रकमा रहेको ३ सय ९० लिटर अवैध घरेलु मदिरा निकाल्न लागेको अवस्थामा ट्रक नियन्त्रणमा लिएको थियो ।

कन्टेनर ट्रकलाई चेकजाँचको क्रममा अवैध घरेलु मदिरा सहित प्रहरीले त्रिभुवन विमानस्थल काठमाण्डौबाट पैठारी प्रज्ञापनपत्र अनुसार १ करोड १४ लाख ४९ हजार ७ सय २५ रुपैया बराबरको विभिन्न औषधी भेटिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिए ।

सो क्रममा प्रहरीले वीरगञ्ज महानगरपालिका वडा नम्बर ३० प्रसौतीपुर निवासी २८ बर्षिय सदाम हुसेन लाई नियन्त्रणमा लिएको र कन्टेनर ट्रक र अवैध घरेलु मदिरा र चालकलाई थप कारवाहीका लागि आन्तरिक राजश्व अनुसन्धान कार्यालय वीरगञ्ज पर्सामा पठाइएको डिएसपी दिपक गिरीले जानकारी दिए ।



# तस्करी नियन्त्रणमा प्रहरीको भूमिका हुनुपर्ने : गुप्ता

मधेशदृष्टि
वीरगंज, २१ पुस । बीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष सुवोध कुमार गुप्ताले खुल्ला सिमा अवसर र चुनौती दुवै भएकोले शान्ति सुरक्षा, तस्करी नियन्त्रणमा प्रहरीको सघन भूमिका हुनुपर्नेमा जोड दिएका छन ।

वीरगंज उद्योग वाणिज्य संघद्वारा जिल्ला प्रहरी कार्यालय पर्सामा हालै आएका प्रहरी उपरीक्षक कोमल शाहको स्वागतका लागि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष गुप्ताले वीरगञ्ज उद्योग वाणिज्य सङ्घको ऐतिहासिक पृष्ठभूमि र यस क्षेत्रको औद्योगिक, व्यापारिक महत्व तथा उपादेयका बारे प्रकाश पारेका थिए । उनले बीरगंजको सुरक्षाका लागि उद्योग वाणिज्य संघले आफ्नै सक्रियतामा सञ्चालन गरेको सिसिटिभी परियोजनाको व्यवस्थापन र विस्तारमा समेत सहकार्य गर्न प्रहरी उपरीक्षकलाई अवगत गराउँदै औद्योगिक सुरक्षा बलको पुनः स्थापनामा सबैको सहकार्य अपरिहार्य भएको बताउनुभयो । कार्यक्रममा प्रहरी उपरीक्षक कोमल विक्रम शाहले वीरगंजका उद्योगी व्यवसायीका चुनासो र चासोलाई आफ्नो कार्यकालमा सक्रियतापूर्वक सम्पादन गर्ने तर्फ प्रयत्नशील रहने बताए । उनले अवैध व्यापारलाई निरुत्साहित तथा चोरी निकासी पैठारीलाई नियन्त्रण गर्ने प्रष्ट पारे । सोही अवसरमा राष्ट्रिय अनुसन्धान कार्यालय, पर्साका उपनिर्देशक दीपक खड्काको संघको तर्फबाट बिदाई समेत गरिएको थियो । कार्यक्रममा बीरगंज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष गोपाल केडिया, पूर्व अध्यक्षद्वय अशोक कुमार टेमानी र अशोक कुमार वैध, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोजकुमार दास, सचिव आशीष लाठ, सह-कोषाध्यक्ष प्रेमचन्द्र गोयल, सह-सचिव अनोज रुँगटा लगायत कार्य समिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

# एचआईभी संक्रमितको संख्या बढदै

मधेशदृष्टि
वीरगंज, २१ पुस । पर्सामा एचआईभी संक्रमितको संख्या बढदै गएको प्रति सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन । ईपिक नेपाल एचआईभी रोकथाम उपचार हेरचाह तथा सहयोग सेवा सहयात्री नेपालको आयोजनामा सरोकारवालाहरुको बीरगंजमा सम्पन्न वैठकले पर्सामा एचआईभी संक्रमितको संख्या बढदै गएकोमा चिन्ता व्यक्त गरेको हो । विशेष गरी नेपालमा भारत लगायत अन्य मुलुकबाट स्थानान्तरण भई आएका व्यक्तिहरुले एचआईभी संक्रमण लिएर आउने गरेको र तिनीहरुबाट घरपरिवारका व्यक्ति संक्रमित हुने गरेको तथ्याकले देखाएको छ ।

छलफलमा सन् २०२१ को प्रतिवेदन अनुसार हाल नेपालमा कुल जनसंख्याको झण्डै ३ प्रतिशत एचआईभी संक्रमित देखिएको र सन् २०१६ को प्रतिवेदन अनुसार नेपालमा कुल जनसख्याको २.५६ प्रतिशत मात्र संक्रमितहरु रहेकोमा अहिले एचआईभी बढदै गएको प्रतिवेदनमा उल्लेख छ ।

अहिले सख्या बढनुमा संचेतनाको कमी तथा एचआईभी सर्ने विधिको बारेमा सर्वसधारणलाई जानकारी नहुनु रहेको छ । सहभागीहरुले संक्रमित भएर विभिन्न रोगको सामना गरिरहदा पनि रोग लुकाउने प्रवृतिको कारण सही रोग सही समयमा पत्ता नलाग्ने गरेको र त्यसबाट अन्य जना पनि प्रभावित हुनेगरेको बताइएको छ । पर्साको तथ्याक सार्वजनिक गर्न नमिल्ने भन्दै विगतको वर्षभन्दा पर्सामा ५ प्रतशितले एचआईभी संक्रमितहरुको सख्या बढेको दावी गरिएको छ । कार्यक्रममा वीरगंज महानगरापालिकाका स्वास्थय महाशाखाकी रन्जना पडित, स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साह, नारायणी अस्पतालका मेडिकल अधिकृत डा. अजितकुमार साह, डा. रितेश राउत लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# महासंघको सचिवमा पन्त निर्विरोध

मधेशदृष्टि
वीरगंज, २१ पुस । होटल व्यवसायी महासंघको सचिवमा वीरगञ्जका हरि पन्त निर्विरोध निर्वाचित भएका छन् ।

चितवनको सौराहामा सम्पन्न होटल व्यवसायी महासङ्घको १० औं वार्षिक साधारणसभा तथा चौथो राष्ट्रिय महाधिवेशनबाट दिनेशकुमार चुकेको अध्यक्षतामा सर्वसहमतिबाट गठित ७५ सदसिय कार्यसमितिको सचिवमा वीरगञ्जका होटल व्यवसायी पन्त चयन भएको हो ।

पन्त वीरगञ्जस्थित क्लासिक होटल र कन्ट्री इन होटलका सञ्चालक हुनु हुन्छ ।

त्यसैगरी पर्साका अन्य पाँचजना होटल व्यवसायी महासङ्घको केन्द्रीय सदस्यमा चयन भएको छ । केन्द्रीय सदस्यमा चयन हुनेमा पूजन होटलका सञ्चालक सुरेन्द्र लाल श्रेष्ठ, होटल विजय ज्योतीका सञ्चालक हीरा श्रेष्ठ, सगुन होटल र कुमु प्यालेसका सञ्चालक रतेन्द्र सिंह थापा, पशुपति होटलका सञ्चालक माधव बस्नेत, मायालु होटलका सञ्चालक सन्दीप बस्नेत चयन भएको छ ।



# जाडो छल्न वीरगंजमा न्यानो कपडा वितरण



मधेशदृष्टि
वीरगंज २१ पुस । अत्याधिक जाडो र शितलहरका कारण गरिव तथा विपन्न परिवारका व्यक्तिहरु प्रभावित भएपछि स्थानिय प्रशासनको सक्रियतामा विभिन्न सामाजिक संघ संस्थाहरुले बिहीवार वीरगंजमा २ सय थान ब्लांकेट तथा कम्बल वितरण गरेका छन ।

जाडोका कारण नगर क्षेत्रका अति विपन्न, गर्भवती र सुत्केरी महिला, एकल महिला, अपांगता भएकाहरु प्रभावित भएसँगै संजयसाई सेवा अर्गनाईजेशन नेपाल, ग्रिन सिटी सामुदायिक सेवा केन्द्र, रुगटावेल फेयर सोसाईटीको संयुक्त आयोजनामा नगर क्षेत्रका विभिन्न स्थानमा १ सय ४० थान ब्लांकेट तथा कम्बल वितरण गरिएको ग्रिन सिटी सामुदायिककेन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताएका छन् ।

पर्साका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालको उपस्थितिमा ग्रिन सिटी सामुदायिक केन्द्रबाट ६० थान ब्लांकेट वितरण गरिएको थियो भने नगरका अन्य स्थानबाट १ सय ४० थान वितरण गरिएको रुंगटा वेल फेयर सोसाईटीका कोषाध्यक्ष ज्योति रुंगटाले बताए । कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाह, प्रहरी नायव उपरीक्षक दिपक गिरी, सामाजिक अभियनता प्रकाश थारु लगयातको सहभागिता रहेको थियो ।

# डलरको नाममा ठगी गर्ने चार पक्राउ

मधेशदृष्टि
वीरगंज, २१ पुस । सस्तोमा अमेरिकन डलर दिने भन्दै ठगी गर्दै हिँडेको आरोपमा हेटौंडामा पक्राउ परेका चारजनालाई प्रहरीले सार्वजनिक गरेको छ ।

विभिन्न जिल्लाका मानिसहरुलाई मोबाइलबाट सम्पर्क गरेर आफूसँग अमेरिकन डलर रहेको र सस्तोमा डलर साटिदिन्छु भन्दै डलर देखाएर नेपाली रुपैयाँ लुटने ४ जनालाई पक्राउ गरि आज पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको हो ।

पक्राउ पर्नेहरुमा सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका३ बस्ने २१ वर्षीय हरि भन्ने सोमबहादुर डुम्जन, सोही ठाउँका ३३ वर्षीय दिवश डुम्जन, ४ नम्बर वडाका २८ वर्षीय कान्छा भन्ने शेर बहादुर तामाङ, त्रिपुरा गाउँपालिका ३ बस्ने २८ वर्षीय सुक भन्ने देवा डुम्जुन रहेका छन् । पत्रकार सम्मेलनमा बोल्दै मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले विशेष सूचनाको आधारमा हेटौंडा-१७ हटिया स्थित सालक पार्कबाट उनीहरुलाई पक्राउ गरिएको बताए ।

प्रहरीले उनीहरुको साथबाट १ हजार ७४१ डलर, ६ हजार २१० नेपाली रुपैयाँ, बा ५० प ९३७२, बा प्र ०२-०१९ प ९६२६ र बा प्र ०२-०३४ प ४२८७ नम्बरको तीन वटा मोटरसाइकल बरामद गरेको जनाईएको छ ।

# इन्फोटेक टी २० मा ग्लोबल विजयी

मधेशदृष्टि
वीरगंज, २१ पुस । वीरगञ्जमा जारी दोस्रो नेशनल इन्फोटेक अन्तर कलेज टी-२० क्रिकेट प्रतियोगिता अन्तर्गत विहिबार भएको ११ औं खेलमा ग्लोबल बिजनेस कलेजले बाजी मरेको छ । नारायणी रङ्गशालामा डीएभी आर.बी. केडिया स्कूलसँगको प्रतिष्पर्धामा ग्लोबल बिजनेस कलेजले ६८ रनको फराकिलो अन्तरले लगातार दोस्रो विजयी हासिल गरेको हो । टस जितेर पहिलो इनीङ्गमा ब्याटीङ्ग रोजेको ग्लोबल कलेजले निर्धारित २० ओभर खेल्दै ७ विकेट गुमाएर १ सय ६५ रनको भीमकाय योगफल बनायो ।

दोस्रो इनीङ्गमा जवाफी कारवाहीका लागि उत्रेको डीएभी भने ९७ रनमै समेटियो । ग्लोबलका बलरहरुले १८ ओभरमै डीएभीलाई अलआउट गरिदिए । ग्लोबलका लागि सोनुकुमार ठाकुरले अविजित रहेर अर्धसतकसहित सर्वाधिक रन बनाए ।

ठाकुरले जम्मा ३३ बल खेलेर ३ छक्का र ४ चौकाको सहयोगले ५४ रन बनाउँदै प्लेयर अफ द् म्याचको उपाधि पनि उचाले । त्यसैगरी इरफान मियाँ ठकुरीले पनि अर्धसतक बनाए । ठकुरीले ४४ बल खेलेर ४ छक्का र १ चौकाको सहयोगले ग्लोबलका लागि ५० रन जोडे । बलीङ्ग तर्फपनि ग्लोबल कलेजका खेलाडीहरुले उत्कृष्ट प्रदर्शनी गरे ।

टिमका रोहनकुमार साहले ४ ओभरमा ४ विकेट लिएर जम्मा ४ जन खर्चे भने विराजकुमार आलेले पनि ४ ओभरमा ४ विकेट लिएर १६ रन खर्चे । यता, डीएभीका लागि अदनान अख्तरले सर्वाधिक २४ र र सतिश यादवले २१ रन जोडे भने । विशालकुमार यादव र रोहित राज यादवले ४/४ ओभर फ्याएर २/२ विकेट लिए ।

# विद्युत चुहावट गर्ने ८ पक्राउ

मधेशदृष्टि
वीरगंज, २१ पुस । पोखरियाको विभिन्न स्थानबाट पोलमा सिधै हुकिङ गरी विद्युत् चुहावट गर्ने ८ जनालाई विद्युत चुहावट नियन्त्रण टोलीले पक्राउ गरेको छ ।

नेपाल विद्युत प्राधिकरण पोखरिया वितरण केन्द्रबाट खटिएको विद्युत् चुहावट नियन्त्रण टोली, ईलाका प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले पोलमा सिधै हुकिङ्ग गरी विद्युत् प्रयोग गरिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको हो ।

सो टोलीले विद्युत् चोरी गरी प्रयोग भएका १ थान मोटर बरामद गरेको विद्युत प्राधिकरण पोखरिया वितरण केन्द्रले जनाएको छ । पक्राउ परेका ८ जना उपर विद्युत् ऐन अनुसार कारबाही प्रकृया अगाडी बढाइएको पोखरिया वितरण केन्द्रले जनाएको छ ।

# जथाभावी फोहोर फाल्ने दुई पसलेलाई जरिवाना

मधेशदृष्टि
वीरगंज, २१ पुस । वीरगञ्जको मुख्य बजार क्षेत्रमा जथाभावी फोहोर फाल्नेलाई कारवाही गर्ने अभियान अन्तरगत बिहीवार दुईवटा पसललाई जरिवाना गरिएको छ ।

आफ्नो पसल अगाडी जथाभावी फोहोर फालेको आरोपमा वीरगंज महानगरपालिकाको आदर्शनगर स्थित विनोद मोवाईल हव र संस्कार मेडिकोलाई ५ सयको दरले जरिवाना गरी आईन्दा नाला तथा सडकमा फोहोर नफाल्न चेतावनी दिईएको छ ।

बीरगंजको सरसफाईमा अटेरी गर्नेलाई कारवाही प्रक्रिया अगाडी बढेसँगै अहिले आदर्शनगर तथा मुख्य बजार क्षेत्रमा जथाभावी फोहोर फाल्ने क्रममा कमी आएको छ ।

वीरगञ्ज महानगरपालिकाले नगर हरियाली तथा सरसफाई गर्ने अभियान चलाईरहेको समयमा पसल तथा बैंकहरुले सडकमा जथाभावी फोहोर फाल्दै हिँड्दा सफाईमा चुनौति थपिएसँगै कारवाही प्रक्रिया अगाडी बढाईएको महानगरका सरसफाई तथा वृक्षारोपण संयोजक जयप्रकाश खेतानले बताए ।

महानगरले नगर हरियाली र सफा बनाई राख्न अहिले सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने अभियान नै चलाईरहेको छ ।




# स्कारपियोको ठक्करबाट एकको मृत्यु

मधेशदृष्टि
बारा, २१ पुस । स्कोरपियोको ठक्करबाट बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१६ टांगिया बस्तीका एक व्यक्तिको मृत्यु भएको छ ।

पथलैया-निजगढ सडकखण्ड अन्तर्गत पसाहा पुल नजिक स्कोरपियोले तरकारी बेच्न निस्किएका व्यक्तिलाई ठक्कर दिदा सो दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । निजगढबाट पथलैयातर्फ आउँदै गरेको स्कोरपियोले सोही दिशाबाट आइरहेको मोटरसाइकल र साइकललाई एकै ठाउँमा ठक्कर दिँदा टांगिया बस्तीका ४५ वर्षीय राजेन्द्र माझीको घटनास्थलमै मृत्यु भएको छ भने दुर्घटनामा अन्य दुई जना महिला घाइते समेत भएका छन् ।

दुर्घटनामा २८ वर्षीया सोनिया योञ्जन र रुपा आलेमगर घाइते भएको जनाइएको छ । उनीहरुको सिमरास्थित अल्पाइन अस्पतालमा उपचार भइरहेको छ । घाइतेमध्ये आलेमगरको अवस्था गम्भीर रहेको बताइएको छ ।

बिहानको समयमा तीव्र गतिमा आएको ग २ च ४४१३ नम्बरको स्कोरपियोले पसाहा पुलदेखी पूर्वतर्फ प्रदेश २-०३ ००२प ४५८७ नम्बरको मोटरसाइकल र दुईवटा साइकललाई पछाडिबाट ठक्कर दिएको थियो । स्कोरपियोका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

